मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक २०५ ● २०८१ साल जेठ ३२ गते शुक्रबार ● Friday 14, June 2024 ● सूर्योदयः बिहान ५:११ बजे ● सूर्यास्तः साँझ ७:०१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## आज रेडियो वीरगंज परिसरमा रक्तदान

*रेडियो वीरगंज परिसरमा बिहान ७ बजेदेखि शुरु हुने रक्तदानमा सहभागिता जनाएर रगतको अभाव परिपूर्ति गर्न रेडियो वीरगंजले समस्त श्रोता, शुभचिन्तकलाई आग्रह गरेको छ ।*

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रचण्ड गर्मीसँगै वीरगंजका अस्पतालमा रगत अभाव हुँदा बिरामीको उपचारसमेत प्रभावित हुन थालेपछि विश्व रक्तदाता दिवसको अवसर पारेर आज शुक्रबार बिहान रेडियो वीरगंज ९९ मेगाहर्ज परिसरमा आकस्मिकरुपमा खुला रक्तदान कार्यक्रम आयोजना गरिएको छ ।
भारतीय महावाणिज्यदुतावास वीरगंज, नेपाल रेडक्रस सोसाइटी पर्सा, रेडियो वीरगंज ९९ मेगाहर्ज, वीरगंज साइकल क्लब तथा ग्रिनसिटी समुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगरको संयुक्त आयोजनामा रेडियो वीरगंज परिसरमा बिहान ७ बजेदेखि शुरु हुने रक्तदानमा सहभागिता जनाएर रगतको अभाव परिपूर्ति गर्न रेडियो वीरगंजले समस्त श्रोता, शुभचिन्तकलाई आग्रह गरेको छ ।

बिहान ७ बजेदेखि साढे ९ बजेसम्म रक्तदान गरिने भएकाले सम्पूर्ण रक्तदाता, सुरक्षाकर्मी, युवा विद्यार्थी, सञ्चारकर्मी, समाजसेवी, बुद्धिजीवीलाई कार्यक्रममा उपस्थित हुन आह्वान गरिएको छ । गर्मी बढेसँगै रगतको माग बढी हुने र रक्तदान कार्यक्रम कम हुँदा रगत आपूर्तिमा समस्या आएका कारण सम्पूर्ण सामाजिक संघसंस्थाको सहयोग तथा भारतीय महावाणिज्य दुतावासको सहकार्यमा विश्व रक्तदाता दिवसको अवसर पारेर रक्तदान आयोजना गरिएको रेडियो वीरगंजका कार्यकारी अध्यक्ष ध्रुव साहले बताए ।

## मुख्य न्यायाधीवक्तामा महतो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मधेश प्रदेशको मुख्य न्यायाधीवक्तामा वरिष्ठ अधिवक्ता सुरेन्द्र महतोलाई नियुक्त गरेका छन् ।
मुख्यमन्त्री सिंहको सिफारिसमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले बिहीबार महतोलाई मुख्य न्यायधीवक्तामा नियुक्त गरेकी हुन् । नेपालको संविधानको धारा १६० को उपधारा (२) बमोजिम अधिवक्ता महतोलाई नियुक्त गरिएको हो ।
धनुषा, सबैलाका महतो लामो समयदेखि वकालत पेसामा आबद्ध छन् । यसअघिका मुख्य न्यायधीवक्ता वीरेन्द्र ठाकुरले पदबाट राजीनामा दिएका छन् । जसपा नेपाल नेतृत्वको सरकार हटेपछि ठाकुरले राजीनामा दिएका हुन् ।

## नीति तथा कार्यक्रम सर्वसम्मतले पारित



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको बैठकले मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम सर्वसम्मतले पारित गरेको छ । कार्यक्रममा नेपाली कांग्रेसका वीरेन्द्र प्रसाद सिंह र लोसपाकी रानीकुमारी तिवारीले आफ्नो संशोधन फिर्ता लिएपछि नीति तथा कार्यक्रम सर्वसम्मतले पारित भएको हो ।
नीति तथा कार्यक्रममा आफ्नो धारणा राख्दै लोसपाका उपेन्द्र महतोले अहिले माछा उत्पादक किसानलाई समस्या भइरहेको भन्दै पहिला उनीहरुलाई कृषिमिटर दिने गरिएकामा उद्योगी मिटर दिने गरिएकाले माछा उत्पादनमा लागत बढेको बताए । उनले यस विषयमा प्रदेश सरकारले गम्भीरता देखाउनुपर्ने बताए ।
नेपाली कांग्रेसका राम सरोज यादवले धेरै महत्वाकांक्षी नीति तथा कार्यक्रम रहेको बताउँदै यसअनुसार बजेट आउने सम्भावना निकै कम रहेको बताए । उनले महेन्द्र नारायण निधि आवास योजनालाई सरकारले नियतवश छाडेको आरोप लगाए । यादवले नीति तथा कार्यक्रममा मुलुकको प्रजातान्त्रिक इतिहासमा योगदान दिनेहरुलाई सम्मान गर्नुपर्ने सरकारको दायित्व रहेको बताए । जनमत पार्टीका संजयकुमार यादवले सरकारले ल्याएको नीति कार्यक्रम मधेशको जनताको समस्या सम्बोधन गर्नतर्फ अग्रसर रहेको देखिएको बताए । उनले सरकारले रोजगारलाई विशेष ध्यान दिएको कारण यो महत्वपूर्ण रहेको बताए । उनले स्वास्थ्य, शिक्षा र सुधारलाई सरकारले विशेष ध्यान दिएर अगाडि बढनुपर्नेमा जोड दिए । नेकपा एमालेका लखन दास तत्माले मधेश प्रदेशको चौतर्फी विकासका लागि सरकारले ल्याएको नीति तथा कार्यक्रम एक प्रकारले लाइफलाइन रहेको बताए । उनले सरकारले भूमिगत सिँचाइको योजना ल्याए पनि पानीको रिचार्जको विषयमा सरकार मौन देखिएको र त्यसलाई समेत नीति तथा कार्यक्रमा थप्नुपर्नेमा जोड दिए । लोसपाकी रानी शर्माले महेन्द्रनारायण निधिको नाम हटाएर मनमोहन अधिकारीको नाम राखिएको र सरकार परिवर्तन हुँदा नेताहरुका नाममा समेत योजना परिवर्तन हुने गरिनु गलत रहेको बताइन् । उनले हरेक नेताले विकास र समृद्धिमा योगदान पु¥याएका कारण हटाउने र राख्ने गलत परिपाटी रहेको बताइन् । जनमत पार्टीका चन्दन सिंहले सरकारले मधेश लगानी सम्मेलन आयोजना गर्न लागेको र यसले मधेशको आर्थिक विकासमा बल पुग्ने बताए ।

# केन्द्रीय समिति चयनको जिम्मेवारी यादवलाई

*‘चुनाव हुने हो भने हिमाल र पहाडका एक दुई जनाभन्दा बढी निर्वाचित हुने सम्भावना कम छ, किनकि, पार्टीको मुख्य आधार तराई–मधेश हो, त्यस्तो अवस्थामा हामी कसरी पार्टीलाई सबै जातजाति, भाषा, धर्म, लिङ्गको प्रतिनिधित्व हुनेगरी समावेशी बनाउन सक्छौँ ?’*
***उपेन्द्र यादव,***
*अध्यक्ष, जसपा नेपाल*



मधेशदृष्टि
जनकपुरधाम ।
जनता समाजवादी पार्टी (जसपा) नेपालको एकताको तीनदिने राष्ट्रिय महाधिवेशन सकिएको छ । नयाँ नेतृत्व छान्ने जिम्मेवारी पनि अध्यक्ष उपेन्द्र यादवलाई दिँदै महाधिवेशन सकिएको हो । बुधबार नयाँ नेतृत्वका लागि उम्मेदवारी दर्ता र बिहीबार निर्वाचन कार्यतालिका तोकिएको थियो । तर निर्वाचनमा जाँदा सबै वर्ग र समुदायको प्रतिनिधित्व कार्यसमितिमा नहुने भएपछि अध्यक्षले सर्वसम्मत कार्यसमिति बनाउने पहल गरेका थिए । महाधिवेशन प्रनितिधिले यसलाई सकारात्मक रुपमा लिँदै आफ्नो उम्मेदवारी फिर्ता लिएर सहयोग गरेका थिए ।
उम्मेदवारी कार्यतालिका अन्तर्गत अध्यक्षमा उपेन्द्र यादव निर्विरोध भए पनि सहअध्यक्षसहित अन्य पदमा ३ सय ७२ जनाको उम्मेदवारी परेको छ । त्यसका लागि बिहीबार मतदान कार्यक्रम तय गरिएको थियो । तर अन्तिम समयमा चुनाव नगरी सहमतिकै आधारमा नेतृत्व चयन गर्ने निर्णय गरिएको हो ।
अध्यक्षबाहेकका पदमा सहमतिमै टुंगो लगाउने निर्णय भएको जसपा नेपालका प्रवक्ता मनिष सुमनले बताए । ‘अध्यक्षजीले सहमति गर्नुको विकल्प नरहेकाले सहमतिमै टिम बनाउन अनुमति माग्नुभयो, प्रतिनिधिहरूले ताली पिटेर अनुमति दिए,’ सुमनले भने । अध्यक्ष यादवको आग्रहमा सबै उम्मेदवारले उम्मेदवारी त्यागेको घोषणा गरेको प्रवक्ता सुमनले बताए । सहमतिमा नेतृत्व चयनका लागि यादवलाई नै जिम्मा दिइएको छ । ‘अध्यक्षजीले समावेशी टिम निर्माण गर्नुहुन्छ,’ सुमनले भने ।
महाधिवेशन केन्द्रीय निर्वाचन समितिका अनुसार २ सय १ केन्द्रीय सदस्य र २० पदाधिकारीका लागि ३ सय ७२ उम्मेदवारी परेको छ । सर्वसम्मत नेतृत्वका लागि अध्यक्षले पार्टीका नेताहरूबीच छलफल गर्ने र नाम तय भएपछि महाधिवेशन हलबाट अनुमोदन गरिने बताइएको छ ।
एक जना सहअध्यक्ष पदका लागि राजकिशोर यादव, लालबाबु राउत र रकम चेम्जोङले उम्मेदवारी दर्ता गराएका छन् । चार जना पुरुष उपाध्यक्षका लागि मृगेन्द्रकुमार सिंह यादव, हरिनारायण यादव, सरोजकुमार यादव, अर्जुन थापा, अमरेशनारायण झा, मो. खालिद, गोविन्द चौधरी, आङ्देङ शेर्पा, प्रकाश अधिकारी, विद्युत् बज्राचार्य, शिवलाल थापामगरसहितका १७ जनाले मनोनयन दर्ता गराएका छन् ।
एक महिला उपाध्यक्ष पदका लागि रेखा यादव, लीलादेवी सिटौला, शोभा देवी, सुनी लामा, सविता यादव र राधा थापासहित छ जनाले उम्मेदवारी दिएका छन् । दुई सय एक पदका लागि तीनसय भन्दा बढीको उम्मेदवारी परेको छ । चुनावभन्दा पार्टीलाई कसरी समावेशी बनाउने र पार्टीको संरचना कसरी बलियो बनाउने भन्ने मुख्य उद्देश्य भएको बताउँदै अध्यक्ष उपेन्द्र यादवले अनुरोध गरेपछि उम्मेदवारहरु आफ्नोबारे निर्णय गर्ने अधिकार अध्यक्षलाई दिएर उम्मेदवारी त्यागको पक्षमा पुगेका हुन् ।

## एनसेलद्वारा सवा दुई करोड करमा बदमासी

**मधेशदृष्टि**
**वीरगंज ।**
निजी सञ्चार प्रदायक एनसेलले बजारीकरण (मार्केटिङ) देखि विभिन्न शीर्षकमा अर्बौं रुपैयाँ कर छली गरेको पाइएको छ । समान प्रकृतिका खर्चलाई भिन्न शीर्षक देखाएर एनसेलले अर्बौं रुपैयाँ बराबरको कर छली गरेको हुनसक्ने महालेखापरीक्षक कार्यालयको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।
एनसेलले बजारीकरणसँग सम्बन्धित खर्चलाई चार शीर्षकमा देखाएर दोहोरो खर्च दाबी गरेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । महालेखाको ६१ औँ प्रतिवेदनमा आर्थिक वर्ष २०७७–७८ र २०७८–७९ मा एनसेलले बजारीकरण खर्चमा दोहोरो दाबी गरेको भन्दै कर र त्यसमा लाग्ने ब्याज समेत निर्धारण गर्नुपर्ने बताएको छ ।
‘ठूला करदाता कार्यालय अन्तर्गतको एक दूर सञ्चार कम्पनीले बजारीकरणसँग सम्बन्धित खर्चहरू चार शीर्षकमा लेखाङ्कन गरेको छ । एकै प्रकृतिको खर्च भिन्न–भिन्न शीर्षकमा दोहोरो हुने गरी दाबी गरेको देखिएकोले आय वर्ष २०७७÷७८ र २०७८÷७९ मा बजारीकरण खर्चमा दोहोरो दाबी गरेको ३ अर्ब १९ करोड ६६ लाख ४० हजार रुपैयाँ अमान्य गरी २५ प्रतिशतले हुने कर ७९ करोड ९१ लाख ६० हजार रुपैयाँ र सोमा लाग्ने ब्याज तथा शुल्कसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ,’ महालेखाको प्रतिवेदमा उल्लेख छ ।
ठूला करदाता कार्यालयका एक अधिकारीले महालेखाले औँल्याएको बेरुजुमा थप अनुसन्धान गरिने र त्यसपछि मात्रै वास्तविक अवस्थाबारे भन्न सकिने बताए । त्यस्तै, एनसेलले नेपालको बैंकबाट ऋण लिएर पुँजीगत लाभकर तिरेको भन्दै त्यसलाई खर्च कट्टीमा अमान्य गर्नुपर्ने महालेखाले औँल्याएको छ । ऋण लिएर व्यवसायको आय आर्जनमा प्रयोग नगरेर विदेशी नियन्त्रित निकायले तिर्नुपर्ने रकम तिर्न नपाइने महालेखाको प्रतिवेदनले औँल्याएको हो ।
दुई वर्षको ५ अर्ब ३४ करोड ४८ लाख ८१ हजार रुपैयाँ खर्च कट्टी अमान्य गरी २५ प्रतिशतले हुने कर १ अर्ब ३३ करोड ६२ लाख २० हजार रुपैयाँ र सोमा लाग्ने ब्याज र शुल्क समेत छानबिन गरी कर निर्धारण गर्न महालेखाले सुझाएको छ ।



# मिसन–८४ मा एमाले कसैसँग मोर्चाबन्दी गर्दैनः ओली



**भक्तपुर ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आगामी निर्वाचन एमालेले एक्लै लडेर बहुमत ल्याउने दाबी गरेका छन् । बिहीबार भक्तपुरमा आयोजित एमालेको नवौँ जिल्ला अधिवेशनबाट निर्वाचित पदाधिकारीको शपथग्रहण कार्यक्रममा उहाँले आगामी निर्वाचनमा एमालेले कोहीसँग पनि मोर्चाबन्दी नगर्ने स्पष्ट पारे ।

एमालेसँग वैचारिक सङ्घर्ष गर्न नसक्नेहरुले एमालेमाथि प्रहार गरिरहेको बताउँदै पूर्वप्रधानमन्त्री रहेका एमाले अध्यक्ष ओलीले चुनावमा एक्लै जान आँट नहुनेहरुले मोर्चाबन्दी गर्ने गरेको आरोप लगाए । उनले आगामी निर्वाचनमा एमालेले कोहीसँग मोर्चाबन्दी नगरी एक्लै चुनावमा गएर बहुमत ल्याउने दाबी गरे ।

एमाले देशको निर्णायक शक्ति बन्न खोजेकाले त्यसो हुन नदिन चाहनेले एमालेविरुद्ध मिथ्या आरोप लगाउने गरेको दाबी गरे । अध्यक्ष ओलीले एमाले एक्लैले बहुमत ल्याउनेगरी मिसन–८४ को अभियानमा होमिएको भन्दै आफ्नो शक्तिमा बहुमत बनाउने, एकल बहुमत ल्याएर अरूलाई पनि औंलामा डो¥याएर हिँड्ने र हातेमालो गरेर देशको विकासमा लम्किने बताए । अध्यक्ष ओलीले अध्यक्ष ओलीले फाटो ल्याउने, विभाजन र गुटबन्दी गर्नेलाई पार्टीभित्र ठाउँ नभएको बताए । उनले पार्टीभित्र आन्तरिक सङ्घर्ष गरेर नभई एकताबद्ध भएर मिसन–८४ सफल पार्न निर्वाचितहरुलाई निर्देशन दिए ।रासस

# विदेश पठाउने भन्दै ठगी गरेको आरोपमा ६ जना पक्राउ

**काठमाडौँ ।**
वैदेशिक रोजगारी तथा भिजिट भिसामा विभिन्न देश पठाइदिने भन्दै एक हजारभन्दा बढीलाई ठगी गरेको आरोपमा प्रहरीले विभिन्न कन्सलटेन्सीका ६ जना सञ्चालकलाई पक्राउ गरेको छ । सुर्खेत वीरेन्द्रनगर नगरपालिका–९ घर भइ काठमाडौँ कोटेश्वर बस्ने २७ वर्षीय रेशम रावल, सोही ठेगाना भएका २४ वर्षीय प्रेमबहादुर रावल, डडेल्धुरा अमरगढी नगरपालिका–९ का २६ वर्षीय राजेश साउद, अछाम रामारोशन गाउँपालिका–१ का २५ वर्षीय टङ्कराज खनाल, काठमाडौँ धुम्बाराही बस्ने काभ्रेपलाञ्चोक तेमाल गाउँपालिका–९ घर भएका ३० वर्षीय सुरेन्द्र तामाङ र काठमाडौँ नरेफाँट बस्ने मोरङ पथरी शनिश्चरे नगरपालिका–१० घर भएका ३५ वर्षीय सन्तविर घिमिरेलाई पक्राउ गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक अङ्गुर जिसीले जानकारी दिए ।

उनले भने, 'पक्राउ परेकाले कम्तीमा पनि एक हजारभन्दा धेरै व्यक्तिहरुबाट दुई करोड ५० लाख रुपैयाँभन्दा बढी रकम ठगी गरेको अनुसन्धानबाट खुल्न आएकाले हामीले पक्राउ गरेका छौँ ।' रेशम रावलले काठमाडौँ कोटेश्वर र तिनकुनेमा सञ्चालन गरेका युनिक, वर्ल्डवाइड तथा रियान्स कन्सलटेन्सी, ग्लोबल ह्युमन रिसोर्सेस म्यानेजमेन्ट कम्पनी र रावल ट्राभल एण्ड टुर्सबाट पोल्याण्ड, पोर्चुगल, फ्रान्स, माल्टा, रोमानिया, क्रोएसिया लगायतका देशहरूमा वैदेशिक रोजगारी तथा भिजिट भिसामा पठाउने भन्दै गैरकानूनी रुपमा कागजात, रकम सङ्कलन गरेको अनुसन्धानबाट खुल्न आएको सूचना अधिकारी जिसीले बताए । प्रहरीले उक्त कन्सलटेन्सीबाट दुई सय २० थान राहदानी बरामद गरेको जनाएको छ । पक्राउ परेकाहरुले विभिन्न सामाजिक सञ्जालमार्फत विभिन्न देशमा आकर्षक तलब भत्ता सेवा सुविधा पाइन्छ भनी झुट्टा विज्ञापन प्रचारप्रसार गर्ने गरेको, पीडितको सक्कल कागजपत्र लिएको र विदेश पठाउने काम नभएपछि उक्त कागजपत्र माग्न जाँदा पीडितलाई एक लाख ५० हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म रकम दिनु अनि मात्र डकुमेन्ट फिर्ता दिने भनी थर्काउने गरेको आरोप छ । विभिन्न होटल, कृषि फार्म, विद्यालय आदिको स्ट्याम्प प्याड प्रयोग गरी झुट्टा कागजात बनाइदिने गरेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको प्रहरीले जनाएको छ । पक्राउ परेकालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौँ पठाइएको सूचना अधिकारी जिसीले जानकारी दिए ।रासस

# हवाई उडानका लागि उड्डयन मौसम सेवा महत्वपूर्ण छः मन्त्री

**काठमाडौँ ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले हवाई उडानका लागि उड्डयन मौसम सेवा अति आवश्यक र महत्वपूर्ण रहेको बताएका छन् । जल तथा मौसम विज्ञान विभागले आज यहाँ आयोजना गरेको सुरक्षित हवाई उडानका लागि उड्डयन मौसम सेवाको महत्वसम्बन्धी कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै उनले सुरक्षित हवाई उडानका लागि उड्डयन मौसम सेवा निकै प्रभावकारी भएकाले यसको थप विस्तार गरेर अगाडि बढाउनुपर्नेमा जोड दिएका हुन् । उनले भने, 'हाम्रो भूगोल हिमाल, पहाड, तराई रहेका छन्, सुरक्षित उडानका लागि उड्डयन मौसम सेवाको निकै आवश्यकता छ, नागरिक उड्डयन प्राधिकरणसँगको सहकार्यमा यसलाई थप अगाडि बढाउनुपर्छ ।' उनले सुरक्षित हवाई उडानका लागि उड्डयन मौसम सेवाको क्षमता विकास र विस्तारमा मन्त्रालयले गर्नुपर्ने आवश्यक सहयोगका लागि सधैँ तयार रहेको र उक्त क्षेत्रमा सबै निकायबाट सहयोगको खाँचो रहेको बताए ।

सोही कार्यक्रममा मौसम विज्ञान विभागका महानिर्देशक डा जगदीश्वर कर्माचार्यले सुरक्षित हवाई उडानका लागि उड्डयन मौसम सेवाले एयरलाइन्सको उडानदेखि अन्य वर्षात्का बारेमा पनि जानकारी दिने भएकाले यो सेवा प्रभावकारी रहेको स्पष्ट पारे । उनले भने,






'सुरक्षित हवाई उडानका लागि उड्डयन मौसम सेवालाई थप प्रभावकारी बनाउन आवश्यक छ, माथिल्लो निकायसँग छलफल गरेर हामी यसलाई थप प्रभावकारी बनाउन लाग्ने छौँ ।' कार्यक्रमका अधिकांश वक्ताहरुले मौसमका विषयमा जानकारी दिनेदेखि हवाई उडानका लागि उड्डयन मौसम सेवाको थप क्षमता विकास गर्नु आजको आवश्यकता रहेको धारणा राखेका थिए ।रासस

# उद्योगमन्त्रीका सय दिनः एक सय एक कार्यप्रगति सार्वजनिक

**काठमाडौँ ।**
उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले आफ्नो कार्यकाल सम्हालेका एक सय दिनको कार्यप्रगति सार्वजनिक गरेका छन् । उनले बिहीबार मन्त्रालयमा पत्रकार सम्मेलन गरेर नेपालमा लगानीको वातावरणलाई सहज बनाउन विभिन्न आठ कानुन समावेश गरिएका केही नेपाल ऐन संशोधन, अध्यादेश २०८१ जारी गरी प्रतिस्थापन विधेयक सङ्घीय संसद्मा पेस गरिएको लगायतका एक सय एक काम सार्वजनिक गरेका हुन् । उनले नवप्रवर्तनकारी एवं सृजनशील सोचमार्फत उद्यमशीलता विकास गर्न राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८१ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको, विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा पेस गरिएकामा प्रतिनिधिसभामा छलफलका क्रममा रहेको, प्राइभेट फर्म रजिस्ट्रेसन नियमावली, २०३४ र एजेन्सी (संशोधन र एकीकरण) नियम, २०१९ लगायत विभिन्न कानुन संशोधन तथा निर्माण गरिएको जनाएका छन् ।

यस्तै मन्त्री भण्डारीले द्विपक्षीय लगानी सम्झौताको नमुना ढाँचा स्वीकृत गरिएको, नेपाली उत्पादन र उपभोग अभिवृद्धि गर्न प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयनमा ल्याइएको, भूकम्पीय जोखिम न्यूनीकरण गर्ने उद्देश्यले नेपाल सरकार र चीन सरकारबीच हुने समझदारी पत्र स्वीकृत गरिएको तथा स्थानीय तहमार्फत सीप विकास एवं प्रविधि हस्तान्तरणका कार्यक्रम कार्यान्वयन गर्न लघु, घरेलु तथा साना उद्योग प्रवद्र्धन तथा प्रविधि हस्तान्तरण कार्यविधि संशोधन गरी कार्यान्वयनमा ल्याइएको बताए ।

यसैगरी हलाल फुड्स र स्पोर्टस् फुटवेयरको नेपाल गुणस्तर मापदण्ड तयार गरिएको, ह्युम पाइप, पावर टिलर, मिनी टिलर, सेफ्टी ग्लासलगायतका वस्तुको नेपाल गुणस्तर मापदण्डको मस्यौदा तयार गरिएको तथा लघु, घरेलु साना उद्योग नीति स्वीकृतिको चरणमा रहेको उनले जानकारी गराए । स्टार्टअपलाई सहयोग गर्न व्यवसाय सम्वद्र्धन केन्द्र (इन्क्यूवेशन) सञ्चालन कार्यविधिको मस्यौदा गरिएको, औद्योगिक ग्राम घोषणा तथा सञ्चालन कार्यविधिको मस्यौदा तयार गरिएको, औद्योगिक बौद्धिक सम्पत्ति कानुनको मस्यौदा तयार गरिएको, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमबाट स्तरोन्नति भएका उद्योगलाई सहयोग गर्न सञ्चालन गरिएको ग्रोथ मोडल कार्यक्रम सञ्चालन कार्यविधिको मस्यौदा तर्जुमा गरिएको जनाइएको छ ।

मन्त्री भण्डारीले नौ वटा रुग्ण सार्वजनिक संस्थानको सञ्चालनका विकल्प पहिचान गरिएको, उपभोक्ता अधिकारको संरक्षण र सम्वद्र्धन गर्न तथा उपभोक्तालाई प्राप्त हकको न्यायिक उपचारका लागि उपभोक्ता अदालत गठन गर्न प्रक्रिया अगाडि बढाइएको, दुर्गम जिल्लाका तोकिएका विभिन्न स्थानमा आम उपभोक्तालाई दैनिक उपभोग्य खाद्य वस्तु सहज रूपमा उपलब्ध गराउन स्वीकृत वार्षिक कार्यक्रम बमोजिम खाद्यान्न (चामल) तथा आयोडिनयुक्त नुनको आपूर्ति नियमित एवं व्यवस्थित रूपमा भएको जानकारी दिए । यस्तै रैथाने बाली प्रवद्र्धधनका लागि कागुनो, चिनो, उवा, फापर, कोदो, जौँ, भटमास, मास, कालो सिमीलगायतका रैथाने खाद्यान्नको संरक्षण तथा सम्वद्र्धन गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत नौ स्थानीय तहसँग खरिद सम्झौता गरी बिक्री वितरण भइरहेको, मनसुनजन्य विपद् तथा चाडबाडमा हुने खाद्यान्नको उच्च मागलाई सम्बोधन गर्दै आपूर्ति शृंखलालाई निरन्तरता दिन परराष्ट्र मन्त्रालयमार्फत भारत सरकारसँग चिनीलगायत खाद्यान्नको आयातमा सहजीकरणका लागि कूटनीतिक पहल गरिएको जनाइएको छ ।

मन्त्री भण्डारीका अनुसार न्यूनतम छ महिनाको माग धान्न सक्नेगरी नुनको भण्डारण गर्ने व्यवस्था मिलाइएको, राष्ट्रिय खाद्य सुरक्षा भण्डार र सार्क खाद्यान्न बैङ्कमा आवश्यक मात्रामा खाद्यान्न सञ्चय गर्ने व्यवस्था मिलाइएको, उद्योगमा ऊर्जा तथा गुणस्तर व्यवस्थापनसम्बन्धी असल अभ्यास लागू गर्न तीन उद्योगमा तालिम प्रदान गरिएको, दैजी औद्योगिक क्षेत्रको लागि वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यका लागि र नौबस्ता औद्योगिक क्षेत्रको निर्माण कार्यका लागि निकायगत समन्वय भएको छ । यस्तै लामो समयदेखि सञ्चालनमा आउन नसकेको बुटवल औद्योगिक क्षेत्रस्थित पशु वधशाला सञ्चालनमा आएको, विशेष आर्थिक क्षेत्रभित्र उद्योग सञ्चालन गर्न प्लट अनुमति लिई कानुनले तोकेको समयावधिभित्र उद्योग स्थापना र सञ्चालन नगरेका सिमरा तथा भैरहवा विशेष आर्थिक क्षेत्रका ५१ प्लटको अनुमति पत्र खारेज गरी सिमरा विशेष आर्थिक क्षेत्रका ४१ प्लट र भैरहवा विशेष आर्थिक क्षेत्रका २४ प्लटको सूचना प्रकाशन भई मूल्याङ्कन प्रक्रियामा रहेको जनाइएको छ । मन्त्री भण्डारीका अनुसार सिमरा विशेष आर्थिक क्षेत्रको ब्लक 'ए' विस्तार अन्तर्गतको एक सय ७८ विगाह क्षेत्रफल र पाँचखाल विशेष आर्थिक क्षेत्रलाई सार्वजनिक–निजी–साझेदारी मोडलमा विकास तथा सञ्चालन गर्न मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरिएको छ । यस्तै सरकारबाट घोषित औद्योगिक ग्राममध्ये तनहुँको आबुखैरेनी औद्योगिक ग्राम सञ्चालनमा आएको जनाइएको छ ।

उनका अनुसार दैलेखको पेट्रोलियम अन्वेषण स्थलको पहुँच मार्गका रूपमा रहेको जमुनाह–नेपालगञ्ज–कोहलपुर –सुर्खेत–जुम्ला सडकको दैलेखसम्मको मोड सुधारको कार्य गरिएको र धौवादी फलाम खानी पहुँच मार्ग निर्माण गरिएको छ । तेस्रो लगानी सम्मेलनमा दैजी इण्डष्ट्रियल पार्क, शक्तिखोर औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, फलाम, तामा र चून ढुङ्गा खानी सम्बन्धी परियोजना लगानीका लागि प्रदर्शन गरिएको, कतार, बंगलादेश लगायतका मुलुकसँग द्विपक्षीय लगानी सम्झौताका लागि प्रक्रिया अगाडि बढाइएको र विश्व व्यापार सङ्गठनको प्रावधान बमोजिम राष्ट्रिय व्यापार सहजीकरण समिति गठन गरिएको जनाइएको छ । यस्तै नेपाल–बङ्गलादेश सातौँ वाणिज्य सचिवस्तरीय बैठक काठमाडौँमा सम्पन्न गरि नेपालबाट निर्यात सम्भाव्यता भएका १० वस्तुमा भन्सार तथा अन्य शुल्क न्यूनीकरणका लागि बङ्गलादेश सरकारलाई परराष्ट्र मन्त्रालयमार्फत पहल गरिएको मन्त्री भण्डारीले जानकारी दिए । यस्तै नेपाल भारत पारवहन सन्धि पुनरावलोकनका लागि भारत सरकारलाई

विराटनगर–जोगबनी र सुनौली–नौतनवा रेलमार्गमा सबै प्रकारका कार्गोलाई अनुमति दिने, बल्क कार्गोको परिभाषा विस्तार गर्ने तथा काँकडभिट्टादेखि फूलबारी (भारत) हुँदै बङ्गलादेश रुटमा तौल प्रतिबन्ध हटाउने र प्रक्रिया सरलीकरण गर्ने काम गरिएको जनाइएको छ । अन्तर्राष्ट्रिय व्यापार सहरीकरणका लागि नेपालगन्ज एकीकृत जाँच चौकी गत वैशाखबाट सञ्चालनमा ल्याइएको, दोधारा–चाँदनी एकीकृत जाँच चौकी निर्माणका लागि सम्पर्क निकाय तोकी निर्माणका लागि भारतीय पक्षसँग समन्वय गरिएकोलगायतका काम गरिएको मन्त्री भण्डारीले बताए । उनका अनुसार दक्षिण कोरिया र भियतनामसँग लगानी तथा व्यापार अभिवृद्धिसम्बन्धी फ्रेमवर्क समझदारी गर्ने प्रक्रिया अगाडि बढाइएको, वीरगंज–ठोरी, विन्दवासिनी–भिसवा र बर्दिवास–भंगाहा औद्योगिक कोरिडोरको सम्भाव्यता अध्ययन गरिएको, सिमेन्ट उद्योगबाट उत्सर्जन हुने ऊर्जाको पुनः उपयोग गर्ने सम्बन्धमा अध्ययन गरिएको, वीरगंज–पथलैया खण्डमा रहेका उद्योगबाट निस्किने फोहोर पानी प्रशोधन गर्न साझा प्रशोधन केन्द्रको सम्भाव्यता अध्ययन गरिएको छ ।रासस


## घरेलु हिंसा दण्डनीय अपराध हो ।

**घरेलु सम्बन्ध भएको परिवारका एक सदस्यले सोहि परिवारको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक हिंसालाई घरेलु हिंसा भन्दछन् ।**

- घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने पीडित वा जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई लिखित वा मौखिक उजुरी दिन सक्दछ ।
- यस्तो कसूर भएमा कसुर गरेको मितिले ९० दिनभित्र उजुरी दिनु पर्ने हुन्छ ।
- घरेलु हिंसा कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिने ब्यवस्था मिलाइएको छ ।
- यसका साथै घरेलु हिंसाका पीडितलाई जिल्ला कानूनी सहायता समितिबाट निशुल्क कानूनी सहायता सेवा उपलब्छ हुन्छ भने जिल्ला अदालतबाट निशुल्क वकिलको पनि व्यवस्था गरिएको छ ।



नेपालको कानुनले निम्न ४ प्रकारको घरेलु हिंसा गरेमा त्यसलाई दण्ड सजायको व्यवस्था गरेको छ ।

१) शारीरिक यातनाः कुटपिट गर्ने गैर कानुनी रूपमा थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने तेजाव वा त्यस्तै अन्य कुनै पदार्थ छर्किई वा सो पदार्थले पोली डामी, दली, घसी जीउमा पिडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरूप पारिदिने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य पर्दछ ।

२) मानसिक यातना : डरधाक देखाउने वा धम्की दिने त्रासपूर्ण व्यवहार गर्ने गाली गलौज गर्ने झुठा कुरा लगाउने, घरबाट निकाला गर्ने वैचारिक धार्मिक, सांस्कृतिक, प्रथा परम्पराका आधारमा भेदभाव गर्ने रूपरंग शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक संतुलन गुमाउने वा आत्महत्या गर्न दुरूत्साहन दिने वा आत्माहत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले वा मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेत जनाउँछ ।

३) यौनजन्य यातना : महिलालाई यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य भनेकाले यौनजन्य दुर्व्यवहार, बिरामी समयमा श्रीमतीसँग यौन सम्बन्ध राख्नु, अश्लिल पत्रपत्रिका वा सिनेमा देखाई सोहि अनुसार यौन सम्बन्धका लागि बाध्य पार्नु जस्ता कार्यहरू महिलामाथि हुने यौनजन्य यातना हुन् ।

४) आर्थिक यातना : महिलालाई सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न नदिनु, रोजगारीमा सहभागी हुन नदिनु, घरको सम्पत्ति बेचविखन गर्दा महिलाको सहमती नलिनु, आय-आर्जन गर्न नदिनु, घरमा भएको सम्पत्तिमा महिलाको पहुचँ नहुनु जस्ता कार्य पर्दछन् । आर्थिक यातना शव्दले महिलाको हकमा दाईजो माग गर्ने दाईजो ल्याउन दवाव दिने वा दाईजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ ।

सहयोगका लागि उजुरि गर्ने निकायहरू :
- प्रहरी कार्यालय
- राष्ट्रिय महिला आयोग :
- स्थानीय निकाय
- नगरपालिका/गाउँपालिका (उपमेयर/उपप्रमुख), वडा कार्यालय,

समस्या परेमा सहजै खबर गर्न सकिने नम्बरहरू
- लैङ्गिक हिंसा हेल्पलाइन (राष्ट्रिय महिला आयोग) :११४५
- प्रहरी कार्यालय : १००
- बाल हेल्पलाइन (बालबालिकामाथि हुने हिंसाका लागि) : १०९८

**जनहितमा जारी सन्देश**
**खेलकुद तथा समाज कल्याण मन्त्रालय**
**मधेश प्रदेश, जनकपुरधाम**



**मुख्य न्यायाधीवक्तालाई शुभकामना दिदै :** नवनियुक्त मधेश प्रदेश सरकारको मुख्य न्यायाधीवक्ता सुरेन्द्रकुमार महतोलाई बधाई तथा शुभकामना दिँदै मुख्यमन्त्री सतिशकुमार सिंह । तस्बिरः अमरेन्द्रकुमार यादव/रासस

# कृषियोग्य जमिनको उर्बराशक्ति घट्दै

## प्राङ्गारिक मलमा प्रोत्साहनमा कमी



**हिमाल लम्साल**
**वीरगंज ।**
वीरगंजको त्रिभुवन हनुमान माध्यामिक विद्यालयका पूर्वप्रधानाध्यापक शत्रुघन गिरी लामो समय शिक्षण पेसामा कार्यरत रहे । शिक्षण पेसाबाट अवकाश पाएपछि उहाँमा केही नयाँ काम गर्ने हुटहुटी जागेसँगै अहिले प्राङ्गारिक मलको प्रयोग गरेर खेती किसानी गर्दै आइरहेका छन् । उनले अहिले पर्सा जिल्लाको पोखरिया नगरपालिका–१ स्थित आफ्नै डेढ बिघा खेतमा कालो मार्सी धान रोप्दै आएका छन् । 'प्राङ्गारिक मलको प्रयोग गरेर धान तथा गहुँ खेती गर्दै आइरहेको छु । उब्जनी पनि सोचेभन्दा राम्रो भइरहेको छ' उनले भने, 'रासायनिक मलको सधैंको हाहाकार हुने समस्याबाट आजित भएर नै प्राङ्गारिक मलको प्रयोग गरेर खेती गर्दै आइरहेको छु । अचेल त रासायनिक मलको प्रयोग गर्नै छाडिसकें ।' उनलाई राज्यले प्राङ्गारिक मल प्रयोगमा प्रोत्साहन नगरेकामा भने दुःख लाग्दछ । 'अत्यधिक रासायनिक मलको प्रयोगले माटोको अम्लियनपन बढाएको र कृषि उब्जनी पनि घटेकोघट्यै छ' उनले भने, 'राज्यले विकासे मलमा मात्रै होइन, प्राङ्गारिक मलमा पनि अनुदान बढाउनुपर्‍यो ।' उनले व्यक्तिगत तबरले प्राङगारिक मलको प्रयोग गरेर कालो मार्सी धान रोप्दै आइरहेका छन् ।

उनले उत्पादन गरेको कालोमार्सी धान प्रति क्विन्टल साढे १० हजार रुपैयाँमा भन्दा बढीमा बिक्री हुँदै आइरहेको छ । 'अहिलेका मान्छेहरु तातै खाउँ छिटो मरौं भन्ने जस्तो जतिसक्दो धेरै रासायनिक मलको प्रयोग गरेर धेरै उब्जाउने प्रवृत्तितर्फ गइरहेका छन्' उनले भने, 'केही वर्षका लागि त रासायनिक मलको प्रयोगले उब्जनी पनि बढाउला तर यो सधैं दिगो भने रहँदैन । त्यसैले मैले रासायनिक मललाई त्यागेर प्राङ्गारिक मलको प्रयोग गरी खेती गर्दै आइरहेको छु । यसबाट उत्पादन हुने कृषि उपजले पक्कै पनि स्वास्थ्यलाई हितकर नै हुनेछ ।' पूर्व प्रधानाध्यापक गिरीले मात्रै होइन, वीरगञ्जका केही सचेत कृषकले रासायिनक मलको सट्टामा अहिले प्राङ्गारिक मल खरिद गरेर खेती किसानी गर्दै आइरहेका छन् । कृषि ज्ञान केन्द्र पर्साका प्रमुख कमलदेवप्रसाद कुशवाहा रासायनिक मलको सट्टामा प्राङगारिक मलको प्रयोग गरेर खेती गर्दा उब्जनी पनि राम्रो हुने बताउँछन् । 'रासायनिक मलको अत्यधिक प्रयोगले कृषियोग्य जमिनमा अम्लियपन बढ्दै गइरहेको छ । यसले कृषि उत्पादकत्व पनि घटिरहेको छ' उनले भने, 'रासायनिक मलको कारणले क्षणिक रुपमा उत्पादन बढे पनि अन्ततः त्यसले दीर्घकालीन रुपमा फाइदा भने गर्दैन ।' प्रमुख कुशवाहाले सरकारले वर्षेनी रासायनिक मलमा ३५÷४० अर्ब रुपैयाँ अनुदान दिए पनि प्राङ्गारिक मलमा पनि अनुदान दिने व्यवस्था गर्न आवश्यक भएको बताए । 'रासायनिक मलले बिग्रिएको माटोलाई प्राङ्गारिक मलको प्रयोग गरेर भए पनि केही हदसम्म सुधार गर्न सकिन्थ्यो' उनले भने, 'प्राङ्गारिक मलको प्रयोग गरेर उत्पादन हुने कृषि उपज पनि स्वास्थ्यको लागि राम्रो हुने गर्छ ।' पछिल्लो समय कृषकले आफ्नो घरमा गाई÷भैंसी जस्ता चौपाया नपाल्ने चलन बढ्न थालेकाले प्राङ्गारिक मलको अभाव हुने गरेको छ ।

कृषि सामग्री कम्पनी लिमिटेड प्रार्देशिक कार्यालय वीरगंजका प्रमुख दुर्गाप्रसाद पाण्डेय स्थानीय तहले प्राङगारिक मल प्रयोग गर्नका लागि प्रोत्साहनमूलक कार्यक्रम नगरेको बताउँछन् । 'सरकारले प्राङ्गारिक मलमा अनुदान दिएको खण्डमा रासायनिक मलको खरिद र बिक्री कम भइहाल्छ' उनले भने, 'अहिले कृषकले अत्यधिक मात्रामा रासायनिक मल प्रयोग गर्र्ने प्रवृत्ति बढेको छ । प्रत्येक बालीमा प्रतिकठ्ठा १० केजीको दरले रासायनिक मल राख्दै जाने हो भने त पाँच÷सात वर्षमै माटोको उर्बराशक्ति ह्रस भएर जाने गर्छ ।' सरकारी मापदण्डअनुसार प्रतिकठ्ठा तीन किलोग्राम मल प्रयोग गर्नुपर्ने हुन्छ तर धेरै खेती उब्जाउने नाममा कृषकले प्रतिकठ्ठा आठदेखि १० किलोग्राम रासायनिक मल प्रयोग हुँदै आइरहेको छ । यहाँ सीमावर्ती जिल्लासँग जोडिएकाले पनि सहजै रुपमा तस्करीको माध्यमबाट पनि कृषकले मल प्राप्त गर्न सक्छन् ।

**प्राङ्गारिक मलको व्यावसायिक उत्पादन**

घरगोठमा नै उत्पादन हुने प्राङ्गारिक मलको अभावलाई परिपूर्ति गर्नका लागि वीरगंज आसपासको क्षेत्रमा व्यावसायिक रुपमा पनि प्राङ्गारिक मलको पनि उत्पादन र बिक्री वितरण पनि हुँदै आइरहेको छ । क्याप्टेन फार्म प्राली वीरगंजले नौं वर्षदेखि वीरगंज महानगरपालिका–२४ रामगढवा ज्योत्तिनगरमा व्यावसायिक रुपमा प्राङ्गारिक मलको उत्पादन गर्दै आइरहेको छ । क्याप्टेन फार्म प्रालिका सञ्चालक ताराप्रसाद गुप्ताले रासायनिक मलको अभावलाई पूर्ति गर्न र माटोको उर्बराशक्तिलाई कायम राख्न भन्दै २०७२ सालदेखि प्राङगारिक मलको उत्पादन गर्दै आइरहेको बताए । 'हामीले चार विघा क्षेत्रफलको जग्गामा नौ वर्षदेखि प्राङ्गारिक मल उत्पादन गर्दै आइरहेका छौँ । गाईभैंसीको गोबर, स्थानीय झारजात, जडिबुटीलाई 'वेष्ट डिकम्पोजर'बाट कुहाएर प्राङ्गारिक मल बनाउँदै आइरहेका छौँ' उनले भने, 'हामीले जैविक ढङ्गले प्राङ्गारिक मल उत्पादन गर्दै आइरहेका छौँ । यसमा कुनै पनि प्रकारको रसायनको प्रयोग गरिएको छैन ।'

कम्पनीले अर्गानिक कार्बनको छुट्टै ट्याङ्की बनाएको छ । कोशेबाली कुहाएर जैविक नाइट्रोजन निकाल्ने गरेको छ । कम्पनीले कम्पोष्ट र गड्यौले गरी दुई खालका प्राङगारिक मल उत्पादन गर्दै आइरहेको छ । प्राङ्गारिक मल बन्नका लागि कम्तिमा पनि ४५ देखि ६० दिनको अवधि लाग्ने बताइन्छ । कम्पनीसँग वार्षिक दुई हजार मेट्रिक टन प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता रहेको छ तर अहिले कम्पनीले वार्षिक एक हजार मेट्रिक टन प्राङगारिक मल उत्पादन हुदैँ आइरहेको छ । प्राङ्गारिक मल प्रतिकिलोग्राम ३० देखि ३२ रुपैयाँमा बिक्री हुँदै आइरहेको छ । प्राङगारिक मल प्रतिकठ्ठा २५ देखि ३५ किलोग्राम प्रयोग गर्दा राम्रो हुने बताइन्छ । व्यावसायिक रुपमा उत्पादन गरेको प्राङ्गारिक मल एक केजी, दुई केजी र २५ केजीको बोरामा उपलब्ध हुँदै आएको कम्पनीले जनाएको छ ।

कम्पनीका सञ्चालक गुप्ताले रासायनिक मलको प्रयोग हुँदै आइरहेको जमिनमा प्राङ्गारिक मल प्रयोग गरेपछि ६० प्रतिशत रासायनिक मलको हिस्सा कमी गर्न सकिने दाबी गर्छन् । 'रासायनिक मल प्रयोग हुँदै आइरहेको जमिनमा पहिलो पटक प्राङ्गारिक मलको प्रयोग गर्ने हो भने ६० प्रतिशत रासायनिक मलको मात्रा घटाउन सकिनेछ' उनले भने, 'दोस्रो पटकमा विगतमा प्रयोग हुने रासायनिक मलको २० प्रतिशत मात्रा प्रयोग गरे पुग्नेछ । तेस्रो बालीमा भने १० प्रतिशतमा झार्न सकिनेछ । चौथो बालीपछि भने रासायनिक मलको प्रयोग गर्नु पर्दैन ।' कम्पनीले अहिले दैनिक १५ जनालाई रोजगारी दिंदै आइरहेको छ । 'सुरुआती चरणमा प्राङ्गारिक मलप्रति किसानको विश्वास जगाउन धेरै गाहे थियो तर अहिले विस्तारै कृषकले प्राङ्गारिक मलको आवश्यकता बुझ्दै आउनुभएको छ', गुप्ताले भने । स्थानीय तहले कृषकलाई प्राङ्गारिक मल प्रयोग गर्नमा अनुदान दिने कार्यक्रम अघि बढाउन जरुरी रहेको उनको भनाइ छ । कम्पनीले उत्पादन गरेको प्राङ्गारिक पर्सा, बारा, पोखरा र धनगढीसम्म बिक्री वितरण हुँदै आइरहेको जनाएको छ । वीरगञ्ज महानगर क्षेत्रमा मात्रै प्राङगारिक मल उत्पादन गर्ने कम्पनी तीनवटा छन् । कृषि ज्ञान केन्द्रका प्रमुख कुशवाहाले सीमावर्ती बजारमा नक्कली प्राङ्गारिक मलको कारणले जनताको आकर्षण बढ्न नसकिरहेको बताए । 'सीमावर्ती बजारमा नक्कली प्राङगारिक मलको छयाप्पछ्याप्ती पाउने गरेकाले पनि कृषकमा अझै पनि प्राङ्गारिक मलप्रति आकर्षण बढाउन सकिरहेका छैनौँ' उनले भने ।

कृषि ज्ञान केन्द्र पर्साका अनुसार आव २०७८÷७९ मा पर्सा जिल्लामा १६ हजार नौ सय ६७ मेट्रिक टन रासायनिक मलको प्रयोग भएको थियो । केन्द्रका अनुसार सो वर्ष युरिया मल १० हजार ९० मेट्रिक टन, डिएपी छ हजार ९६ मेट्रिक टन, पोटास दुई सय ७५ मेट्रिक टन प्रयोग गरिएको छ । सिंगल सुपरफास्फेट पाँच सय ३ मेट्रिक टन प्रयोग भएको थियो । पर्सा जिल्लामा सबैभन्दा धेरै उत्पादन हुने बालीमा धान पर्छ । आव २०७८÷७९ मा पर्सामा ४७ हजार एक सय ३० हेक्टर क्षेत्रफलमा धान रोपिएको थियो । यसबाट दुई लाख ३३ हजार एक सय ३५ मेट्रिक टन उत्पादन भएको छ । साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले वैशाख मसान्तसम्मको लागि छ सय ७१ मेट्रिक टन युरिया मल बिक्री गरेको छ । कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जका अनुसार चालु आव २०८०÷८१ को वैशाख मसान्तसम्मको अवधिमा चार हजार छ सय ८९ मेट्रिक टन युरिया मल बिक्री गरेको छ । रासस

# धनुषाका १६ वटा पालिका पूर्ण खोपयुक्त

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्लाका १८ पालिकामध्ये १६ वटा पालिकालाई पूर्ण खोपयुक्त पालिका घोषणा गरिएको छ । बिहीबार जिल्लाको सबैला नगरपालिकालाई पूर्ण खोपयुक्त पालिका घोषणा गरेपछि धनुषामा पूर्ण खोपयुक्त पालिकाको संख्या १६ पुगेको हो । स्वास्थ्य कार्यालय धनुषाका खोप फोकल पर्सन राजदेव यादवले जिल्लाका धनुषाधाम नगरपालिका र जनकपुरधाम उपमहानगरपालिका बाहेक सबै पालिका पूर्ण खोपयुक्त पालिका घोषणा भएको बताए ।

बाँकी दुई पालिका पूर्ण खोपयुक्त घोषण गर्न तयारी पूरा भइसकेको बताउँदै उनले मिति तोक्न मात्र बाँकी रहेको जानकारी दिए ।

जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले खोप लगाउने उमेर समूहका कुनै पनि बालबालिकालाई खोपबाट वञ्चित हुन नदिनतर्फ सबै सचेत हुनुपर्ने र त्यसका लागि निरन्तर अनुगमन आवश्यक रहेको बताए । उनले यो घोषणा सधैँ कायम राख्न महिला स्वास्थ्य स्वयंसेविका महत्त्वपूर्ण योगदान रहने जानकारी दिए । सबैला नगरपालिकाका नगर प्रमुख कारीराम यादवले सबैको साथ सहयोगका कारण मात्रै यो पालिकालाई पूर्ण खोपयुक्त घोषाण गर्न सफल भएको बताए । खोप तालिकामा समावेश भएका १५ महिना उमेरभित्रमा पाउनुपर्ने खोपहरु सबै बालबालिकाले पूर्णरुपमा लिएसँग यो घोषणा गरिएको जानकारी दिए ।

# 'सहकारी ठगलाई कारबाही खोइ ?'

**मधेशदृष्टि**
**रौतहट ।**
आमजनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले सरकारसँग गरिबी निवारण गर्ने योजना नै नभएको टिप्पणी गरेका छन् । बिहीबार बसेको प्रतिनिधिसभाको बैठकमा बजेटमाथिको मन्त्रालयगत छलफलमा सांसद साहले यस्तो आरोप लगाएका हुन् ।

'गरिबी निवारण मन्त्रालय छ, गरिबी निवारण गर्ने योजना खोइ, उद्योग मन्त्रालयको बजेटमा रोजगारी सिर्जना गर्ने कुरा खोइ ?,' उनले प्रश्न गरे । अध्यक्ष साहले सहकारी पीडितले न्याय पाउँछन कि पाउँदैनन् भनेर प्रश्न गर्दै भने, 'सहकारी पीडितले न्याय पाउँछन् कि पाउँदैनन् ? अनि सहकारी ठगलाई कारबाही हुन्छ कि हुँदैन ?'

उनले जनतालाई सुलभ स्वास्थ्य सेवाको व्यवस्था गरिनुपर्ने कुरा उठाए । राज्यको लगानीमा चिकित्सा शिक्षा अध्ययन गरेका डाक्टर विदेश पलायनमा लागेको र भएका चिकित्सिक पनि ८० प्रतिशतभन्दा बढी शहरकेन्द्रित भएको उनको टिप्पणी छ । प्रत्येक गाउँपालिकामा सुविधासम्पन्न अस्पताल खोल्ने भनिए पनि अहिलेसम्म कार्यान्वयन नआएकोमा साहको गुनासो थियो ।

'सरकारी अस्पतालमा औषधि हुँदैन, भए पनि सस्तो औषधि र कम औषधि मात्रै हुन्छन्,' साहले भने, 'नजिकै निजी संस्था हुन्छ । त्यहाँ सबै औषधि पाइन्छ । सरकारी अस्पतालमा बेड पाइँदैन । निजी अस्पतालमा मनोमानी छ ।'

# एउटै पालिकामा तेहर्याएर किन आउँछन् उपसचिव ?

**मधेशदृष्टि**
**रौतहट ।**
लामो समयको विवादपछि निकास पाएको फतुवा बिजयपुर नगरपालिकामा तेस्रोपटक प्रमुख प्रशासकीय अधिकृतका रूपमा उपसचिव सुरेन्द्र प्रधान फेरि हाजिर भएका छन् । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट दुई दिनअघि चिट्ठी पाएका उपसचिव प्रधान बिहीबार बिहानै नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रूपमा हाजिर भएका हुन् ।

प्रधानलाई केही वडा अध्यक्ष तथा केही राजनीतिक दलका नेताले स्वागत गरेका थिए तर उनी हाजिर हुने समय कार्यबाहक मेयर अम्बेया खातुन अनुपस्थित थिइन् । मेयरका श्रीमान महमद सेराजले नेपाली कांग्रेसका केही नेताले नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको कोठाको ताल्चा फोडेर प्रधानलाई हाजिर गराएको बताए । मेयरसँग बिनासल्लाह नेताहरुले चलखेल गरेर प्रमुख प्रशासकीय अधिकृत वकिल पालका ठाउँमा जबर्जस्त प्रधानलाई ल्याएको सेराजको भनाई छ । कुनै पनि अवस्थामा प्रधानलाई स्वीकार नगर्ने उनको भनाई छ ।

बिहीबार बिहान फतुवा बिजयपुरमा दुईजना प्रमुख प्रशासकीय अधिकृत एकैपटक हाजिर हुन गएपछि केही समय विवाद भएको थियो । इलाका प्रहरी कार्यालय बिजयपुरबाट गएको टोलीले विवाद साम्य पारेको थियो । प्रधान यसअघि बजेटको सिलिङ बाँडफाँडमा विवादित बनेका थिए ।

यसपटक पनि उनी सबैको रोजाइको हाकिम बन्न सकेका छैनन् । बजेट निर्माणका बेला विवादको घेरामा परेर उनी तेस्रोपटक किन फेरि आए या ल्याइयो, चासोको विषय बनेको छ ।

# एक सातादेखि रुवी यादव बेपत्ता

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको क्षिरेश्वरनाथ नगरपालिका वडा नम्बर ५ सखुवा महेन्द्रनगरकी २८ वर्षीया रुवी यादव एक सातादेखि बेपत्ता भएका छन् । रुवीका भाइ अनितले आफ्नी दिदीको खोजी गरिदिन भन्दै इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरमा निवेदन दिएका छन् । उनका अनुसार रुवीको श्रीमान राजु यादवसँग निरन्तर विवाद हुँदै आएको थियो । राजु केही महिनाअघि वैदेशिक रोजगारीबाट फर्केका थिए । सम्पर्कविहीन हुनुभन्दा पाँच दिनअघि पनि राजुले कुटपीट गरेपछि विवाद प्रहरी कार्यालयसम्म पुगेको थियो । गत शुक्रबार रुवी र उनका श्रीमान खाना खाएर सुत्न गएका थिए । तर शनिबार बिहानदेखि रुवी भेटिएकी छैनन् । गत बुधबारसम्म राजु सम्पर्कमै थिए । प्रहरीले उनलाई बोलाएर ल्याउन भनेपछि रुवीका भाइ अनितले इलाका प्रहरी कार्यालयमा लगेका थिए । त्यहाँबाट उनी बेपत्ता भएको अनितको भनाइ छ । प्रहरी निरीक्षक सोनु साहले रुवी बेपत्ता भएको निवेदन आएपछि उनको घर र अन्य सम्भावित स्थानमा खोजतलास भइरहेको बताए ।

*आशा भनेको हिडिरहने सपना हो ।*
*– अरस्तु*

## सम्पादकीय

# गाउँका सिंहदरबारमा मौलाउँदो भ्रष्टाचार

*देशमा स्थानीय, प्रदेश र संघ तीन तहका सरकार छन् । संविधान निर्माणपछि बनेका तीनै तहका सरकार यतिबेला दोस्रो कार्यकाल पूरा गर्ने चरणमा छन् । स्थानीय तहका जनप्रतिनिधिहरुको पाँच वर्षे कार्यकालको आधा अवधि सकिसकेको छ । हालसम्मको अवस्थालाई हेर्दा विशेषगरी स्थानीय तहका जनप्रतिनिधिहरुको कामकारबाहीलाई लिएर कतै प्रसंशा त कतै आलोचना देखिन्छ । काम कारबाहीलाई लिइर आलोचना र प्रसंशा स्वभाविक भए पनि कतिपय जनप्रतिनिधिहरु भने गैरकानुनी धन्दामा सक्रिय देखिएका छन् । जसले जनमतको अपमान मात्रै गरेको छैन, संघीयतामाथि प्रश्न उठाउनेहरुका लागि थप बल पुर्याएको छ । 'सिंहदरबारको अधिकार गाउँगाउँमा' भनिएको वाक्यांशलाई आजभोलि 'सिंहदरबारको भ्रष्टाचार गाउँगाउँमा' भन्न थालिएको छ । हुन पनि जनताको काममा लाग्नुपर्ने जनप्रतिनिधि भ्रष्टचारका मुद्दा खेप्दै अदालत धाउनुपर्ने बाध्यता बनेको छ । जनप्रतिनिधिले गरेका काम कारबाहीलाई लिएर नागरिकमा असन्तुष्टी मात्रै छैन । निरासा र आक्रोश पनि उस्तै देखिन्छ ।*

*केही दिनअघि मात्र सर्लाहीको बागमती नगरपालिकाका प्रमुख भरत थापा र उपप्रमुख लीलाकुमारी मोक्तानविरुद्ध ३० करोड रुपैयाँभन्दा बढीको भ्रष्टाचारको मुद्दा दायर भयो । सार्वजनिक सम्पत्ति हानी नोक्सानी गरेको अभियोग उनीहरुमाथि छ । नगरप्रमुख र उपप्रमुखको उक्त गतल कार्यलाई सहयोग पुर्याउनेहरुमा नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत बिमलकुमार पोखरेल, योजना प्रमुख सागर पौडेल, तत्कालीन लेखा अधिकृत विश्वराज पोखरेल र जिल्ला समन्वय समिति सर्लाहीका तत्कालीन प्रमुख मेथुर चौधरीसमेत भूमिका देखियो । उनीहरुविरुद्ध ३० करोड २९ लाख रुपैयाँ बिगो कायम गरी अख्तियारले विशेष अदालतमा मुद्दा दायर भयो । उनीहरुविरुद्ध भरतताल निर्माणको आवरणमा सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरेको अभियोग अख्तियारले लगाएको छ । नगरप्रमुख थापासहित सबै प्रतिवादीविरुद्ध गलत लिखत तयार पारेको, गैरकानुनी हानीनोक्सानी गरेको र गलत प्रतिवेदन तयार पारेका गरी तीन वटा कसुर छ । यति मात्रै होइन, यिनै नगर प्रमुख थापाविरुद्ध यसअघि पनि अख्तियारले गैरकानुनी सम्पत्ति आर्जनको अभियोगमा पाँच करोड ३३ लाख रुपैयाँ बिगो मागदाबीसहित भ्रष्टाचार मुद्दा दायर गरेको थियो । उता, ललितपुरको गोदावरी नगरपालिकाका मेयर गजेन्द्र महर्जन र उपप्रमुख मुना अधिकारीसहित १५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । ललितपुरको लेले र नल्लुमा सञ्चालित ढुंगाखानी र क्रसर उद्योगहरुबाट राजस्व नउठाई भ्रष्टाचार गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ । त्यहाँ पनि भ्रष्टाचारको आरोप लाग्नेमा मेयर उपमेयरसहित आठ जना कर्मचारीसमेत छन् ।*

*स्थानीय तहमा देखिएको भ्रष्टाचार र अनियमितताका घटनाहरु सार्वजनिक हुने क्रम रोकिएको छैन । कतिपय अघिल्लो कार्यकालका भ्रष्टाचारका घटनाहरु समेत अहिले सार्वजनिक भएका छन् । सिरहाको नवराजपुर गाउँपालिकाका तत्कालीन अध्यक्ष विश्वमोहनप्रसाद यादवसहित १२ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर हुनु त्यसको पछिल्लो उदाहरण हो । माथि उल्लेखित भ्रष्टाचारका घटनाहरुमा मात्रै होइन अन्य थुप्रै घटनाहरु छन्, जसमा कर्मचारी संयन्त्रसमेत जोडिएको छ । जनप्रतिनिधि र कर्मचारीतन्त्रको मिलेमत्तोमा भइरहेका भ्रष्टचार र अनियमितताका घटनाहरुले सुशासनको धज्जी उडाएको छ । यो आफैमा गम्भीर चिन्ताको विषय हो । कर्मचारी र जनप्रतिनिधि नै व्यक्तिगत स्वार्थमा पदीय मर्यादा बिर्सने हो भने नागरिकले के अपेक्षा गर्ने ? त्यसैले कर्मचारी तन्त्र र जनताको सेवाका लागि भनेर निर्वाचित भएका जनप्रतिनिधिको गलत कदमका विरुद्ध नागरिक खबरदारी जरुरी छ ।*


## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com


# अझै घट्न सकेन उच्च मातृ मृत्युदर



डा भोला रिजाल



विश्वमा अति उच्च मातृमृत्युदर भएका मुलुकहरूमध्ये नेपाल पनि एक हो । गर्भावस्थामा, प्रसूति अवस्थामा वा गर्भावस्था अन्त भएको ४२ दिनभित्रमा कुनै पनि कारणले हुने महिलाको मृत्युलाई मातृ मृत्यु भनिन्छ । मातृ मृत्युदर उच्च रहनुको अर्थ देशको स्वास्थ्य अवस्था अझै जटिल अवस्थामा रहेको छ । स्वीट्जरल्याण्ड ०.००१ प्रतिशत रहेको छ भने नेपाल अझै तीन अङ्कको अवस्थामा छ । २०७८ को जनगणनामा मातृ मृत्युदर एक सय ३० अङ्क (प्रतिलाख जीवित जन्ममा)ले घटेर औसत सुधार देखिए पनि ग्रामीण भेगमा अवस्था दर्दनाक छ । २०६८ सालको जनगणनाअनुसार प्रतिलाख जीवित जन्ममा मातृ मृत्युदर दुई सय ८१ जना थियो । पछिल्लो जनगणनामा यो दर सुधार भएर एक सय ५१ जनामा झरेको छ ।

अझै ग्रामीण तथा विपन्न समुदायका महिलाहरूको गर्भवती÷सुत्केरी अवस्थामा ज्यान जाने क्रम रोकिएको छैन । एक त गर्भजाँच तथा उपचारका लागि स्वास्थ्य संस्थासम्म सहज पहुँच पुग्न सकिरहेको छैन भने अर्कोतर्फ स्वास्थ्य संस्थाहरूमा भरपर्दो स्वास्थ्य सेवा पाउन सक्ने अवस्था समेत बनिसकेको छैन । जसका कारण ग्रामीण भेगका महिलाको जीवन अझै पनि जोखिमपूर्ण छ । कतिपय घरपरिवारमा स्वास्थ्य सचेतना पुग्न सकिरहेको छैन, कतिपय अवस्थामा भइरहेका हेलचक्र्याइँले पनि गर्भवती÷सुत्केरी अवस्थामा स्वास्थ्य सेवा नपाउँदा महिलाहरूको अकालमा ज्यान जाने गरेको छ । मातृ मृत्यु अध्ययन प्रतिवेदन २०७८ ले मातृ मृत्यु निम्तिनुमा स्वास्थ्य संस्थामा पुग्न नै ढिलाइ पनि एउटा कारण देखाएको छ ।

औसतमा मातृ मृत्युदर घटेको देखिए पनि तराईका मुसहर, चमार, डोमलगायत दलित, जनजाति र सीमान्तकृत समुदायका गर्भवती, सुत्केरीलाई मात्रै हेर्ने हो भने ती समुदायमा मातृ मृत्यु अझै विकराल छ । मातृ मृत्युदर सहरी क्षेत्रमा घटे पनि ग्रामीण भेगमा उस्तै रहेको छ । साक्षरता दर सुधार हुँदै गए पनि स्वास्थ्य सचेतना समुदाय तहसम्म पुग्न नसक्दा बालविवाह र किशोरावस्थामै आमा बन्ने, बच्चा जन्माउने क्रममा जटिलता आउने, समयमा उपचार नपाउने कारणले मातृ मृत्युदरको जोखिम यथावत छ ।

पछिल्लोपटक भएको अध्ययनअनुसार नेपालमा हुने मातृ मृत्युमध्ये सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा भएको देखिएको छ । नेपाल मातृ मृत्यु अध्ययन प्रतिवेदन, २०७८ अनुसार देशका सात प्रदेशमध्ये लुम्बिनी प्रदेशमा मातृ मृत्युदर उच्च रहेको देखिएको हो । अध्ययन प्रतिवेदनअनुसार लुम्बिनीमा प्रति एक लाख जीवित जन्म हुँदा मातृ मृत्यु दुई सय सात रहेको छ । त्यसपछि कर्णाली प्रदेशमा एक सय ७२, गण्डकी प्रदेशमा एक सय ६१, कोशी प्रदेशमा एक सय ५७, मधेस प्रदेशमा एक सय ४०, सुदूरपश्चिम प्रदेशमा एक सय ३० र सबैभन्दा कम बागमती प्रदेशमा ९८ आमाहरूको मृत्यु भएको छ । लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये बाँकेमा ३६, रुपन्देहीमा ३०, कपिलवस्तुमा २८, दाङमा १५, बर्दियामा १४, नवलपरासी पश्चिम र गुल्मीमा सात–सात, रोल्पा र प्युठानमा छ–छ र अर्घाखाँची र पाल्पामा चार–चारजना आमाको मृत्यु भएको यो अध्ययनले देखाएको छ । गर्भावस्थादेखि नै स्वास्थ्य ख्याल नगर्दा मातृ मृत्यु निम्त्याइरहेको छ । प्रत्येक पालिकामा १५ शय्याको अस्पताल भनेको छ, त्यहाँ दक्ष तालिम प्राप्त जनशक्ति छैनन्, जटिल डेलिभरी ह्यान्डल गर्ने र शल्यक्रिया सेवा त पुग्नै सकेको छैन । प्रसूति सेवा दिने स्वास्थ्य संस्थामा २४सै घण्टा विशेषज्ञ सेवा उपलब्ध हुनुपर्छ ।

स्वास्थ्य मन्त्रालयले सन् १९९८ मा 'सुरक्षित मातृत्व' रणनीति तयार गरेदेखि नै आमा सुरक्षाको सवालमा ठोस कार्यहरू हुँदै आएको छ । गर्भावस्था, प्रश्रव र सुत्केरी अवस्थामा मृत्यु निम्त्याउन सक्ने जोखिम टार्न राष्ट्रियस्तरमा सुरक्षित मातृत्व कार्यक्रम प्रभावकारी देखिएको छ । मातृ मृत्युदरको अवस्था अन्य देशहरूमा पनि उत्तिकै जटिल रहेको देखिन्छ । संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपीए)ले गत माघमा प्रकाशन गरेको 'मातृ मृत्युदरको प्रवृत्ति' अध्ययनअनुसार विश्वमा प्रत्येक दुई मिनेटमा एक आमाको मृत्यु भइरहेको छ । अर्थात् हरेक दिन झण्डै आठ सयजना आमाले अकालमा ज्यान गुमाइरहेका छन् । सन् २००० देखि २०२० सम्म मातृ मृत्युदरसम्बन्धी विश्वव्यापी उक्त अध्ययनअनुसार सन् २०२० मा मात्रै विश्वभर करिब दुई लाख ८७ हजार मातृ मृत्यु भएको उल्लेख छ ।

### गर्भपतनले ल्याएर सुधार

मातृ मृत्यु अति उच्च हुनका कारणहरूमध्ये असुरक्षित गर्भपतन एउटा प्रमुख कारणको रूपमा रहेको छ । विभिन्न अध्ययन, अनुसन्धानहरूले पनि गर्भपतन र मातृ मृत्युदरबीच घनिष्ठ सम्बन्ध रहेको देखाएका छन् । अस्पतालमा आधारित एक अध्ययनबाट अस्पतालमा हुने कुल मृत्युमध्ये आधाभन्दा बढी मातृ मृत्यु गर्भपतनका कारणले हुने गरेको छ । त्यसैले देशमा विद्यमान मातृ मृत्युदरको उच्च अवस्थालाई न्यून गर्न एउटा उपाय भनेको सुरक्षित र कानुनी गर्भपतनको सुविधा दिनुपर्छ भनेर मैले १९८२ मै अभियान सुरु गरेको थिएँ । त्यतिबेला मेरो कुरालाई धेरैले राम्रो मानेका थिएनन् । मैले देशका विभिन्न ग्रामीण बस्तीहरूमा असुरक्षित ढङ्गबाट गर्भपतन गराइएका र त्यसले मातृ मृत्युदरलाई बढाएको हुँदा गर्भपतनलाई कानुनी मान्यता दिनुपर्छ भनेको थिएँ । सुरक्षित गर्भपतले मातृ मृत्युदरलाई कम गर्न सकिन्छ भन्ने मेरो ठम्याइ थियो । यसलाई ५० प्रतिशतमात्रै घटाउन सकियो भने पनि ठूलो उपलब्धि हुन सक्दछ भनेर मैले लगातार सुरक्षित गर्भपतनको कानुनी मान्यताको वकालत गर्दै रहेँ ।

जे होस् १३ वर्षपछि सन् २००२ मा मुलुकी ऐनको एघारौँ संशोधन गरी सरकारले कानुन ल्यायो । गर्भावस्था समाप्त गर्नका लागि सुरक्षित विकल्पहरू भएका महिलाहरू, जसले असुरक्षित गर्भपतनसँग सम्बन्धित अनुचित मृत्युको संख्या घटाएको छ तर अहिले २८ हप्ताको पनि गर्भपतन गर्न सकिने गरी कानुन संशोधन गरिएको छ, त्यो आमाको स्वास्थ्यको लागि मात्र नभएर शिशुको जन्मन पाउने अधिकारको पनि ठाडो उल्लङ्घन हो । किनकि २६ हप्ताकै गर्भलाई सकुशल जन्माउन सकिन्छ ।

### मातृ मृत्युदर घटाउने उपाय

सरकारको मातृ सुरक्षा योजना प्रशंसनीय छ । त्यतिले मात्र पुग्दैन । मातृ मृत्युदर घटाउन स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ । पढेका मानिस बाहिर जाने क्रमले जनशक्ति अभाव भएको छ । कुनै पनि सरकारी अस्पतालमा शल्यक्रियाका लागि छ महिनाभन्दा बढी समय कुर्नुपर्ने अवस्था छ । त्यसैले मातृ मृत्युका बृहत् निर्धारकलाई उचित सम्बोधन गर्नेगरी रणनीति तथा कार्यक्रम निर्माण गर्नुपर्ने, राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत हवाई एम्बुलेन्स कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनुपर्ने, दक्ष जनशक्तिको उचित र शीघ्र व्यवस्थापन गरिनुपर्ने, सेवाको गुणस्तरमा थप पहल गरिनुपर्ने, विकासका सबै पहलमा स्वास्थ्यलाई केन्द्रविन्दुमा राखिनुपर्ने देखिन्छ ।

सरकारले दिगो विकास लक्ष्यअन्तर्गत सन् २०३० सम्म मातृ मृत्युदर ७० जना प्रतिलाखमा झार्ने लक्ष्य राखेको छ । स्वास्थ्य क्षेत्रमा पाँच प्रतिशतभन्दा कम बजेट विनियोजन गरिएबाट यो लक्ष्य हासिल गर्न सम्भव छैन । समाज स्वस्थ्य नभएसम्म स्वास्थ्य बच्चा जन्माएर उचित शिक्षाको बन्दोबस्त गर्न सकिँदैन । देशका विकट ठाउँहरूमा सुलभ र गुणस्तरीय स्वास्थ्य संस्था स्थापनासँगै गर्भावस्थाको पहिचानदेखि आमार बच्चाको अवस्था थाहा पाउने जनशक्ति र उपकरणको व्यवस्था हुनु पर्दछ । त्यस्ता स्वास्थ्य संस्थामा भिडियो एक्सरे, ल्याबको व्यवस्था भएमा शिशु र आमाको स्वास्थ अवस्था जानकारी हुन्छ र समयमै सुरक्षित ढङ्गबाट बच्चा जन्माउन सकिन्छ ।

सुत्केरी अवधिमा हुने मृत्युलाई मात्रै मातृ मृत्युका रूपमा हेरिएको हुँदा सुत्केरी अगावै वा भइसकेपछिको स्वास्थ्य स्थितिमा ध्यान नदिने परिपाटीको अन्त्य हुनु जरुरी छ । गर्भवतीमा जटिलता देखिए स्वास्थ्य संस्था गइहाल्ने, समयमै स्वास्थ्य संस्थामा गएर प्रसूति हुने, खानपान र आराममा ध्यान दिने हो भने मातृ मृत्यु घटाउन सहज हुने देखिन्छ । मातृ मृत्यु घटाउन स्थानीय तह र स्वास्थ्य संस्थाको भूमिका महत्तवपूर्ण रहन्छ । उचित समयमा रेफर नहुँदा गर्भवती आमाको मृत्यु हुने, शिशुको मृत्यु हुने, अस्वस्थ शिशुको जन्म हुने समस्या देखिएको छ । प्रसूति समयमा घरबाट स्वास्थ्य संस्था लैजाँदा एम्बुलेन्स खोज्दा, एउटा स्वास्थ्य संस्थाबाट अर्कोमा लग्ने क्रममा ढिलाइ हुँदा आमा र शिशुको मृत्यु हुने घटना देखिएकाले स्थानीयस्तरमै गर्भवतीलाई परीक्षण र प्रसूति हुन स्वास्थ्य संस्था लैजान चेतना प्रवाह गर्ने, शून्य होम डेलीभरी कार्यक्रम सञ्चालन गर्न सक्दछन् । रासस

# ऊर्जा सुरक्षा, सुलभता एवं दिगोपनाको लागि जलविद्युत्

**काठमाडौँ ।**

जलवायु परिवर्तनका कारण नदीको बहावमा घटबढ भई सुक्खा मौसममा पानीको अभाव हुन थालेको जलविद्युत्मा भएको पूर्ण निर्भरतालाई कम गरी नवीकरणीय ऊर्जाका स्रोतहरु जस्तै सोलार पिभीमा आधारित विद्युत् उत्पादनलाई जोड दिनुपर्ने एक अध्ययनले देखाएको छ । वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्र र जर्मन सहयोग नियोग जिआइजेडद्वारा सञ्चालित आर्थिक विकासको लागि सौर्य प्रविधि प्रवद्र्धन कार्यक्रमको सहयोगमा 'नेपालको ऊर्जा सम्मिश्रणमा सुरक्षा, सुलभता एवं दिगोपनाको लागि जलविद्युत् र सौर्य ऊर्जाको एकीकृत विकास' विषयमा गरिएको अध्ययन प्रतिवेदनमा नेपालमा जलविद्युत् तथा सौर्य ऊर्जालगायत नवीकरणीय ऊर्जाको प्रशस्त सम्भावना रहेकाले यसलाई समपूरक रूपमा विकास गर्नुपर्नेमा जोड दिइएको छ ।

अध्ययन प्रतिवेदनको अन्तिम निष्कर्षहरूलाई सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुसमक्ष प्रस्तुत गर्ने उद्देश्यले यहाँ आयोजित कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुशीलचन्द्र तिवारीले अध्ययन प्रतिवेदनले नेपाललको ऊर्जा क्षेत्रको समग्र विश्लेषण गरी आगामी दिनमा ऊर्जा सुरक्षा र निर्यातका लागि जलविद्युत्सँगै सौर्य ऊर्जालगायत नवीकरणीय ऊर्जाको विकास र विस्तारमा जोड दिइने बताए । कार्यक्रममा केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले जलविद्युत्मा निर्भर विद्युत् प्रणालीले सुक्खा याममा आवश्यक आपूर्ति गर्न नसक्ने हुँदा सौर्य ऊर्जालाई पनि सँगसँगै विकास गर्नुपर्नेमा जोड दिँदै पछिल्लो समय सोलार प्यानलको मूल्यमा भएको गिरावटका कारण यसको लागत कम हुँदा दिगो, स्वच्छ र दिगो ऊर्जा क्षेत्रको विकास गर्न नीतिगत र लगानीको वातावरण निर्माण गर्नु पर्ने बताए । नेपालले पेरिस सम्झौतामा प्रतिबद्धता जनाएबमोजिम सन् २०४५ सम्ममा खुद शून्य उत्सर्जनको लक्ष्य हासिल गर्नका लागि जलविद्युत्बाहेकका नवीकरणीय ऊर्जाको विकास गर्नुपर्नेछ भने सन् २०३० सम्ममा २० प्रतिशत ऊर्जाको खपत नवीकरणीय स्रोतबाट गर्ने आवधिक योजनामा उल्लेख छ । नेपालले दोस्रो राष्ट्रिय निर्धारित योगदान (२०२०) को प्रतिवेदनले २०३० सम्ममा पाँच हजार मेगावाट क्षमता बराबर नवीकरणीय ऊर्जाबाट विद्युत उत्पादन गर्ने लक्ष्य तय गरेको छ । कोप–२८ मा गरिएको सङ्कल्प प्रस्तावमा समेत नेपालले पेट्रोलियम पदार्थको प्रयोगमा न्यूनीकरण गर्ने तथा नवीकरणीय ऊर्जाको लगानीलाई वृद्धि गर्ने भन्ने प्रतिबद्धता जनाएको सन्दर्भमा जलविद्युत् तथा सौर्य ऊर्जाको सम्मिश्रणमा जोड दिनु आवश्यक भएको कार्यकारी निर्देशक ढकाल बताउँछन् । सौर्य ऊर्जा र जलविद्युत्लाई एकीकृत रूपमा विकास गर्ने हो भने दिउँसोको समयमा सौर्य विद्युत्लाई उपभोग गर्ने तथा पानीलाई जलाशयमा सञ्चित गरी विद्युत् माग उच्च भएको समयमा सञ्चित पानीको प्रयोग गरी थप विद्युत् आपूर्ति गर्न सकिने छ । यदि सोलार पिभीको विकासलाई विस्तार गर्ने हो भने जलविद्युत्को जलाशयमा थप पानी सञ्चित गर्न सकिने र सुक्खा मौसममा आवश्यकतानुसार दैनिक विद्युत्को मागबमोजिम आपूर्ति व्यवस्थापन गर्न सकिने हुँदा भारतबाट महँगो शुल्कमा हुने विद्युत्को आयातमा न्यूनीकरण गर्न मद्दत पुग्ने अध्ययनको निष्कर्ष छ ।

वर्षायामको समयमा पर्याप्त विद्युत् उत्पादन हुने तर सुक्खा मौसममा विद्युत् उत्पादन घट्न गई पर्याप्त विद्युत्को अभाव हुने हुँदा यस्तो मौसमी उतारचढावलाई न्यूनीकरण गर्न र कुल उर्जाको लागतहरूलाई कम गर्नका लागि सौर्य विद्युत् भरपर्दो विकल्प हुनसक्ने बताइएको छ । कुल जडित क्षमताको करिब ९५ प्रतिशत विद्युत् जलविद्युत्बाट उत्पादन भएको छ । सुक्खायाममा सौर्य ऊर्जाको उत्पादन बढी हुने गर्दछ भने जलविद्युत्को उत्पादन कम हुने हुँदा सौर्य ऊर्जा र जलविद्युत्लाई एकीकृत रूपमा विकास गर्ने हो भने दिउँसोको समयमा सौर्य विद्युत्लाई उपभोग गर्ने र पानीलाई जलाशयमा सञ्चित गर्न सकिने प्रतिवेदनमा उल्लेख छ । नेपालले सौर्य ऊर्जाबाट विद्युत् उत्पादनको क्षमता वृद्धि गर्न सकेको खण्डमा व्यापार असन्तुलनलाई घटाउन सकिनेछ । नेपालले अहिले पनि अधिकतम विद्युत् महँगोमा खरिद गर्ने (औसत मूल्य प्रतियुनिट १०.४८ रुपैयाँदेखि ३२ रुपैयाँसम्म) र सस्तोमा बिक्री गर्ने (औसत मूल्य प्रतियुनिट ७.०२ रुपैयाँ ) अवस्था रहँदै आएको छ । सुक्खायाममा सहज विद्युत् आपूर्तिका लागि भारतसँग निर्भर हुनुपर्ने बाध्यताको अन्त्यका लागि ऊर्जा सम्मिश्रणमा जानुको विकल्प नरहेको अध्ययन टोलीका प्रमुख डा शालिग्राम पोखरेल बताउँछन् । सौर्य ऊर्जा आयोजनाहरूलाई जलाशययुक्त जलविद्युत् आयोजनाहरूसँग संयुक्त रूपमा विकास गर्नसकेको खण्डमा सुक्खायाममा भारतबाट हुने विद्युत् आयातलाई तत्काल घटाउन सकिने उनको भनाइ छ । सो अवसरमा केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले जलविद्युत्मा निर्भर विद्युत् प्रणालीले सुक्खायाममा आवश्यक आपूर्ति गर्न नसक्ने हुँदा सौर्य ऊर्जालाई पनि सँगसँगै विकास गर्नुपर्नेमा जोड दिँदै पछिल्लो समय सोलार प्यानलको मूल्यमा भएको गिरावटका कारण यसको लागत कम हुँदा दिगो, स्वच्छ र दिगो ऊर्जा क्षेत्रको विकास गर्न नीतिगत र लगानीको वातावरण निर्माण गर्नु पर्ने बताए । सौर्य ऊर्जाको उचित ढङ्गले सदुपयोग गरी यसबाट पर्याप्त लाभ हासिल गर्न प्रभावकारी नीति तर्जुमा गरी र सोको कार्यान्वयनलाई निरन्तरता दिन सकिएमा सौर्य प्रविधिमा लगानी गर्ने वातावरण बनाउने र हालको चुनौतीहरूलाई सम्बोधन गर्न सकिने उनको सुझाव छ । रासस

# ‘जनप्रतिनिधि र पार्टीबीचको सम्बन्ध सुमधुर हुन आवश्यक’




**सुर्खेत ।**
नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले जनप्रतिनिधि र पार्टीबीचको सम्बन्ध सुमधुर हुन आवश्यक रहेको बताएका छन् । नेपाली कांग्रेस दैलेखको दोस्रो जिल्ला सम्मेलनको उद्घाटन गर्दै उनले पार्टीको चुनाव चिन्ह लिएर निर्वाचित भएका तीनै तहका जनप्रतिनिधि पार्टी र आफूलाई चुनाव जिताउने आम कार्यकर्ता र मतदाताप्रति उत्तरदायी नहुँदा समस्या आएको धारणा समेत राखेको उनको सचिवालयले जनाएको छ । ‘पार्टी विधानमै निर्वाचित जनप्रतिनिधि र सोही तहका पार्टी प्रतिनिधिबीच महिनामा एक पटक बैठक बस्ने र पार्टी र जनताको निर्देशन अनुसार जनप्रतिनिधि प्रस्तुत हुने भन्नेछ’ उनले भने ।

उनले प्रतिकुल अवस्थामा कांग्रेसलाई बचाएर राखेका पार्टी कार्यकर्तालाई सुध्रिन जरुरी रहेको बताए । उनले अहिले मुलुकमा अप्ठ्यारो परिस्थिति सृजना भएको भन्दै उक्त परिस्थितिबाट देशलाई निकास दिन कांग्रेस अगाडि बढ्न आवश्यक रहेको धारणा राखे । उपसभापति खड्काले पार्टीको महासमिति बैठकमा प्रस्तुत दस्तावेजहरूमा महासमिति सदस्यहरूले दिएका सुझावलाई दस्तावेजीकरण गर्ने तयारी भइरहेको बताउँदै चाँडै बस्ने केन्द्रीय समिति बैठकले पारित गर्ने बताए । ‘उपसभापति, महामन्त्रीलगायतले महासमिति बैठकमा प्रस्तुत गरेका दस्तावेजमा आएका सुझावलाई समेटेर अब बस्ने केन्द्रीय समिति बैठकले पारित गर्छ’, उपसभापति खड्काले भने, ‘त्यसपछि अहिले देखिएको पार्टीको नीति, विधि, परराष्ट्र नीति, आर्थिक नीतिलगायत मुलुकको समसामयिक राजनीति विषयमा पार्टीको नीति स्पष्ट हुन्छ ।’ उपसभापति खड्काले कांग्रेस मिसन–२०८४ तर्फ केन्द्रित नरहेको समेत उल्लेख गरे । उनले कांग्रेस अहिले मिसन–२०८१ मै रहेको बताए । ‘देशको समृद्धि र विकास कांग्रेसको मूल मिसन हो, त्यहीँ भएर २०८१, २०८२ र २०८३ मा देश विकासका लागि के गर्ने, पार्टीलाई आम जनतासम्म कसरी पु¥याउने भन्नेमा हामी छौँ’ उनले भने, ‘यति गरेपछि २०८४ मा कांग्रेस एक्लै चुनाव लडेर तीनै तहमा बहुमत ल्याउँछ ।’ रासस

# बलियो राष्ट्रिय शक्ति निर्माणमा सघाउन आग्रह




**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले मुलुकमा राजनीतिक परिवर्तन भइसकेकाले त्यसको जगमा समृद्धिको लक्ष्य हासिल गर्न बलियो राष्ट्रिय शक्ति निर्माणमा सघाउन संस्कृतिकर्मीलाई आग्रह गरेका छन् ।

राष्ट्रिय जनसांस्कृतिक महासङ्घ नेपालले बिहीबार यहाँ आयोजना गरेको कार्यक्रममा महासचिव पोखरेलले राजनीतिक परिवर्तन भएपछि सबै कुरा पुग्यो भनेर बस्न नहुने उल्लेख गर्दै राजनीतिक परिवर्तन माध्यममात्र भएको र आफूहरुको लक्ष्य समृद्धि र समाजवाद भएको बताए । उनले भने, ‘अहिले समाजमा एक प्रकारको अन्योल पनि सृजना भएको देखिन्छ । लोकप्रियतावाद हावी भएर गम्भीर विषयले महत्व नपाएको स्थिति छ, यस अवस्थामा स्रष्टा र कलाकारले आफ्ना बौद्धिक र सन्देशप्रद रचनाबाट समाजलाई प्रभाव पार्न सक्नुपर्छ । त्यसले एमालेको बलियो राष्ट्रिय शक्ति निर्माणको यात्रालाई पनि सघाउन सक्नेछ ।’

कार्यक्रममा एमालेका उपमहासचिव विष्णु रिमालले साहित्यकार र कलाकारहरुले समाजलाई युगौँसम्म सकारात्मक ऊर्जा दिन सक्ने क्षमता हुने भएकाले राजनीतिक दललाई पनि स्रष्टाका रचनाले प्रेरणा मिल्ने बताए । सोही पार्टीका पोलिटब्युरो सदस्य सुजिता शाक्यले आफू पञ्चायतकालमा विद्यार्थी हुँदा सांस्कृतिक अभियानमा जोडिएको सन्दर्भ उल्लेख गर्दै समृद्ध नेपाल, सुखी नेपालको राष्ट्रिय आकाङ्क्षामा साथ दिन स्रष्टाहरुलाई आग्रह गरे ।

कार्यक्रममा महासङ्घका अध्यक्ष प्रेमनाथ अधिकारीले गत वैशाख ८ देखि १० गतेसम्म ललितपुरको गोदावरीमा सम्पन्न राष्ट्रिय परिषद् सदस्यको महाधिवेशनमा कलाकर्मीले सृजनाका माध्यमबाट साथ दिएको अवगत गराए । रासस




# प्रतिनिधिसभाः स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन माग

**काठमाडौँ ।**
सांसदहरुले मुलुकको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन माग गरेका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकमा विभिन्न मन्त्रालयगत विनियोजन विधेयक, २०८१ माथि भएको छलफलका क्रममा उनीहरुले गरिब तथा विपन्न वर्गलाई निःशुल्क स्वास्थ्य उपचारको सुविधा हुनुपर्नेमा जोड दिए । सांसद अच्युतप्रसाद मैनालीले स्वास्थ्यसम्बन्धी सेवा प्रवाह प्रभावकारी हुनुपर्नेमा जोड दिए । ‘स्वास्थ्य बीमाका कार्यक्रम प्रभावकारी हुन सकेका छैनन् धेरै बिरामीलाई कुन अस्पताल जाने भन्नेमा पनि अन्योल रहेको छ । दक्ष जनशक्तिको पनि अभाव छ’ उनले भने, ‘सरकारी अस्पताललाई प्रभावकारी बनाउन ध्यान दिनुपर्छ, विभिन्न जिल्लाका अस्पतालमा चिकित्सक जान नै नमान्ने प्रचलन छ यस्ता समस्या समाधान हुनुपर्छ ।’ उनले ५८ प्रकारका औषधि निःशुल्क वितरणको पनि माग गरे । साथै मृगौलाका बिरामीलाई सहज हुने स्थानमा डायलासिस सेवा विस्तार गर्नु आवश्यक रहेको उनको भनाइ थियो । सांसद मैनालीले सहकारीहरुलाई नियमन गर्नुपर्नेमा पनि जोड दिए । ‘सहकारीबाट ऋण लिएर तिर्नुपर्दैन भन्दै हिँड्ने व्यक्ति र सहकारीको रकम अपचलन गर्नेलाई कारबाहीको दायरामा ल्याउनुपर्छ’ उनले भने ।



सांसद माधव सापकोटाले स्वास्थ्य मन्त्रालयले प्रदेशहरुमा स्वास्थ्य संस्था विकास गर्नुपर्नेमा जोड दिँदै एयर एम्बुलेसको व्यवस्था पनि हुनुपर्ने माग गरे । ‘सर्वसाधरणहरुले पालो कुर्दा समेत जटिल रोग लागेका बिरामीको पालो आउँदैन, मन्त्री र सांसदले फोन गरेमा मात्रै आइसियू पाउने व्यवस्था छ’ उनले भने, ‘स्वास्थ्य मन्त्रालयले स्वास्थ्य समस्यालाई गम्भीरतापूर्वक लिनुपर्छ ।’ सांसद गणेश पराजुलीले मुलुकले औद्योगिक क्रान्ति हासिल गर्ने नीति अनुसरण गर्न नसकेको भन्दै औद्योगिकरणमार्फत मुलुकको आर्थिक विकासमा जोड दिन आवश्यता औँल्याए । ‘आयात प्रतिस्थापन गर्दै निर्यात प्रवद्र्धन गर्नुपर्छ, नेपालमा बनेको उत्पादनलाई विदेशी बजारमा निर्यात गर्नुपर्छ’ उनले भने, ‘राज्यका धेरै लगानी भएका उद्योगलाई कसरी चलाउने भन्नेमा ध्यान दिन सके मुलुकको आर्थिक समृद्धिमा सहयोग पुग्ने छ ।’ नवप्रवर्तनसम्बन्धी नीतिले युवामा उत्साह छाएको भन्दै उनले परिणाममुखी कार्यान्वयनमा जोड दिए ।

सांसद मेटमणी चौधरीले मूल्यवान जडीबुटी प्रवद्र्धन गर्न सके आर्थिक विकासमा टेवा पुग्ने भन्दै खाली रहेको जमिनको सदुपयोग गर्दै जडीबुटी खेती प्रवद्र्धन गर्न आवश्यक रहेको बताए । ‘हिमाली क्षेत्रको पर्यापर्यटन विकास गर्न सकेमा तराईमा कृषि उब्जनी बढाउने गरी नीति बनाउन आवश्यक छ’ उनले भने । सांसद रञ्जुकमारी झाले रुग्ण अवस्थामा रहेका उद्योगहरुलाई सञ्चालन गरेर रोजगारी सिर्जना गर्नुपर्नेमा जोड दिइन् । ‘सरकारको जग्गालाई व्यवस्थित गर्नुपर्छ, गुठी समस्या समाधान गर्न जरुरी छ’, उनले भनिन्, ‘भूसम्बन्धी नीति छिटो ल्याउनुपर्छ ।’ मधेश प्रदेश शिक्षा र स्वास्थ्यको हिसाबले पछाडि परेकाले सरकारले गम्भीर रुपमा लिनुपर्ने भन्दै मधेश प्रदेशमा बर्न अस्पताल निर्माण गर्नुपर्नेमा उनको जोड थियो ।

सांसद गोमा लाभ (सापकोटा)ले बन्द उद्योग पुनःसञ्चालनमा ल्याउने गरी आगामी आर्थिक वर्षका लागि विनियोजित बजेटमा सम्बोधन हुन नसकेको भन्दै असन्तुष्टि व्यक्त गरिन् । ‘उपचारको हक कार्यान्वयन हुन सकेको छैन, स्वेदशमा नै उपचार गर्न पाउने गरी नेपालकै स्वस्थ्य संस्थालाई गुणस्तरीय बनाउनुपर्छ’ उनले भनिन्, ‘स्वास्थ्यकर्मीहरुको दरबन्दी बढाउन आवश्यक छ, सबै सरकारी अस्पतालमा गरिब र आर्थिक अवस्था कमजोर हुनेले निःशुल्क सेवा पाउनुपर्छ ।’ प्रत्येक दुर्गम स्थानमा एउटा अस्पताल निर्माण हुनुपर्ने उहाँको माग रहेको छ । किसानलाई समयमा नै मल तथा बिउ उपलब्ध गराउनुपर्ने उहाँले जोड दिइन् । सांसद लालबिर चौधरीले तीन वटै तहका सरकारमा समानुपातिक रुपमा बजेट विनियोजन हुन नसकेको बताए । सांसद चित्रबहादुर केसीले काठमाडौँभन्दा बाहिरको स्वास्थ्य र शिक्षामा सुधारमा जोड दिए । सांसद प्रभु शाहले पहुँचको आधारमा सरकारी अस्पतालमा उपचारको सुविधा समयमा पाउने र निजी अस्पतालमा भने मनोमानी रहेको भन्दै स्वास्थ्य क्षेत्रमा देखिएको समस्या निराकरण गर्नुपर्नेमा जोड दिए । सांसद योगेन्द्र मण्डलले निर्यात प्रवद्र्धनमा जोड दिन आवश्यक रहेको बताए । तीन खम्बे अर्थनीतिमा सहकारीलाई राखिएको छ, तर गल्ती गर्नेलाई कारबाही गरेर सहरकारी दर्ता प्रक्रिया खोल्नुपर्छ’ उनले भने ।

सांसद सञ्जयकुमार गौतम आगामी आर्थिक वर्षका लागि विनियोजित बजेटमा सरकारले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्न नसकेको बताए । ‘स्वास्थ्य क्षेत्रमा देखिएका समस्या समाधान गर्नका लागि आगामी आर्थिक वर्षका लागि विनियोजित बजेट अपुग छ’ उनले भने । सांसद जुलीकुमारी महतो (महासेठ) ले आगामी आर्थिक वर्षका लागि विनियोजन बजेट कार्यान्वयनमा जोड दिइन् । ‘जग्गा व्यवस्थापनको बिषयमा सरकार सक्रिय हुनुपर्छ, गुठी जग्गाको अनाधिकृत प्रयोग रोक्नुपर्छ’ उनले भनिन्, ‘जग्गाको बेतिथी रोक्न आयोग गठन गरियोस् ।’ सांसद बिमला सुवेदीले पेट्रोलीयम पदार्थको आयातले मुलुकको व्यापारघाटा बढाएको र यसलाई कम गर्न विद्युत् खपत बढाउन आवश्यक रहेको बताइन् । ‘वैदेशिक लगानी आकर्षण गर्न स्वदेशमा कमाएको रकम सजिलै विदेश लेजान मिल्ने व्यवस्था गर्नुपर्छ’ उनले भनिन् । सांसद अशोककुमार चौधरीले भूमिसुधारका क्षेत्रमा विनियोजित बजेट कम भएको भन्दै भूमिसुधारको समस्या समाधानका लागि नीतिको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिए । सांसद मोहनबहादुर बस्नेतले गरिब र विपन्नलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिए । ‘स्वास्थ्य सेवा प्रभाकारी बनाउन संरचनागत विकास र कर्मचारीको दरबन्दी थप गर्नुपर्छ’ उनले भने । रासस

# ‘राष्ट्रिय परिचयपत्रको नम्बर अनिवार्य गरिँदा ज्येष्ठ नागरिकले दुःख पाए’

**काठमाडौँ ।**
प्रतिनिधिसभाको बैठकमा सांसदहरूले राष्ट्रिय परिचयपत्र एवं पञ्जीकरण विभागले सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएकाले ज्येष्ठ नागरिक र अपाङ्गता भएका नागरिकले दुःख पाएको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् । बिहीबारको बैठकको शून्य समयमा सांसद विद्या भट्टराईले पूर्वतयारी नगरीकन सामाजिक सुरक्षा भत्ताका लागि परिचयपत्र नम्बर अनिवार्य गरिँदा नागरिकले हैरानी पाएकाले यसलाई तत्काल समाधान गर्न आग्रह गराइन् । उनले वडास्तरमा निश्चित अवधि तोकेर घुम्ती शिविर सञ्चालन गर्न पनि आग्रह गरिन् । सांसद मीना लामाले ‘विपन्न नागरिक उपचार कार्यक्रम’मा सबै रोगको उपचार गर्दा एक लाख रुपैयाँ बराबरको राहत रकम उपलब्ध गराउने व्यवस्था गरिए पनि पछिल्ला दिनमा उक्त उपचार सुविधाको सीमा घटाइएकोप्रति गुनासो गरिन् । उनले अर्थ मन्त्रालयसँग समन्वय गरेर आवश्यक रकमको व्यवस्था गर्नुपर्ने बताइन् । सांसद विनिताकुमारी सिंहले नेपाली युवाको सुगम रोजगारीको गन्तव्यका रूपमा परिचित खाडी क्षेत्र र मलेसियामा बीमालगायत स्वास्थ्य सुविधा नपाएकोप्रति सरकारको ध्यानाकर्षण गराइन् ।

सांसद विश्वप्रकाश शर्माले जलवायु परिवर्तनका कारण नेपाल नराम्ररी प्रभावित भएको, बाढी पहिरो, आगजनीलगायत विपद्का घटनामा वृद्धि भएकाले स्थानीय तहलाई प्रभावकारी, सक्षम बनाउनुपर्ने बताए । सांसद बिना जैसवालले बौद्धिक सम्पत्तिका सम्बन्धमा मुलुकले समयानुकूल कानुनको प्रबन्ध गर्नुपर्ने बताइन् । सांसद शान्ति विकले सहकारी ठगीमा संलग्न भनिएका जीबी राईका सम्बन्धमा प्रहरीमा दर्ता भएको जाहेरी नै हराएको भन्ने विषयप्रति सरकारको गम्भीर ध्यानाकर्षण गराइन् ।

सांसद शिव नेपालीले आगामी आर्थिक वर्षको बजेट विनियोजन समानुपातिक नभएको, कास्कीमा उपलब्ध गराइएको बजेट असाध्यै न्यून भएकामा गुनासो गरे । सांसद शिशिर खनालले चक्रपथ विस्तारको दोस्रो चरणको काम छिटो होस् भनेर आफूले पटकपटक सदनमार्फत सरकारको ध्यानाकर्षण गराए पनि मन्त्रालयले आवश्यक जवाफ नदिएको भन्दै संसद्मा दर्ता भएको जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथि छलफल गराउन माग गरे । सांसद शोभा ज्ञवालीले तराई मधेशका जिल्लामा अस्वाभाविक गर्मी भए पनि नेपाल विद्युत् प्राधिकरणले बिनासूचना बत्ती काटेकामा आपत्ति प्रकट गरिन् ।

सांसद सन्तोष चालिसेले काठमाडौँ क्षेत्र नम्बर ३ मा खानेपानीको हाहाकार रहेको, मेलम्चीको पानी प्रयोग गर्न नपाएका कारण जनजीवन प्रभावित भएकाले पानीको उचित प्रबन्ध गर्न आग्रह गरे । सांसद सन्तोष परियारले नेपालको समृद्धिमा कृषि क्षेत्रको ठूलो महत्व रहेको उल्लेख गर्दै आयात प्रतिस्थापन गर्नका लागि रासायनिक मलको सहज प्रबन्ध गर्न माग गरे । सांसद सरस्वती बजिमयले पहाडी जिल्लाहरूमा सङ्घीय सरकारको सहज प्रबन्ध नगरँदा निर्माणमा रहेका कतिपय आयोजना नराम्ररी प्रभावित भएको, क्रममागत योजना कटाइएकामा गुनासो गरिन् । सांसद सरस्वती सुब्बाले नेपाललाई कृषि दशकका रूपमा अगाडि बढाउने कार्यक्रम सकारात्मक भए पनि स्थानीयस्तरमा दक्ष जनशक्ति र बजेटको अभाव भएकाले लक्ष्य हासिल हुन नसक्ने गुनासो गरिन् । सांसद सराज मोहम्मद फारुकीले गर्मीका कारण तराई मधेशका विभिन्न जिल्लाका विद्यार्थी समस्यामा परेका भन्दै यसप्रति सरकारले ध्यान दिन नसकेको गुनासो गरे । सांसद सरिता प्रसाईंले झापादेखि सुनसरी, मोरङसम्म रेलमार्ग निर्माणका लागि जग्गा रोक्का गरिँदा स्थानीयवासीले दुःख पाएको बताइन् । उनले दुध किसानलाई तत्काल बक्यौता रकम उपलब्ध गराउनुपर्नेमा जोड दिइन् ।

सांसद सुनिता बरालले सरकारी अस्पतालमा नागरिकले घण्टौँसम्म लाइन बस्ने अवस्था रहेको भन्दै काउण्टर थपेर स्वास्थ्य सेवा सहज बनाउन आग्रह गरिन् । पटकपटक लाइन बस्ने अवस्थाको अन्त्य गर्न सहज प्रबन्ध गर्नुपर्ने उनको भनाइ छ ।

सांसद सुशीला सिर्पाली ठकुरीले स्वास्थ्य, शिक्षा मौलिक हक भनेर संविधानमा लिपिबद्ध गरिए पनि जनताले राहत पाउन नसकेको, स्वास्थ्य बीमामा सहज रूपमा औषधि पाउन नसकेको बताइन् । सांसद सोभिता गौतमले खुम्बु क्षेत्रमा बर्सेनि भित्रने हजारौँ मानिसका कारण डम्पिङ साइटमा परिणत भएको, आरोहणका क्रममा निधन भएकाहरूको शवका कारण त्यहाँको पानी दुषित भएकाले समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराइन् । सांसद सञ्जय गौतमले राष्ट्रिय निकुञ्ज नजिकका जनताले कानुनका नाममा अनावश्यक दुःख पाएकाले समाधान गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद हरि ढकालले शिक्षा दिवसमा कुनै पनि विद्याभूषण वितरण नगरेर प्राज्ञिक क्षेत्रलाई कम आकिएकामा आपत्ति प्रकट गरे ।

सांसद हितराज पाण्डेले पुष्पलाल मध्यपहाडी खण्ड अलपत्र रहेकाले तत्काल निर्माणको प्रक्रिया अगाडि बढाउन सरकारको ध्यानार्कषण गराए । सांसद ज्ञानेन्द्र शाहीले जुम्लाको हिमामा अज्ञात रोगका कारण भेडा मरेको भन्दै उक्त रोग पत्ता लगाई उपचारको प्रबन्ध गर्न माग गरे । सांसद ज्ञानेन्द्रबहादुर कार्कीले काकडभिट्टा–सुनसरी सडकखण्ड विस्तृत परियोजना अनुरुप निर्माण अगाडि बढाउन आग्रह गरे । सांसदहरू सुरेन्द्रराज आचार्य, हेमराज राई, हृदयराम थानी, ज्ञानु बस्नेत, सुशीला श्रेष्ठ, सूर्यकुमारी श्रेष्ठ, सूर्यप्रसाद ढकाल, सरिता भुसाल, शान्ति चौधरी, सीता मिजारले आ–आफ्नो जिल्ला र क्षेत्रका विभिन्न समस्याका बारेमा सरकारको ध्यानाकर्षण गराए । रासस

# रूग्ण उद्योग पुनःसञ्चालनका लागि अध्ययन गरौँः प्रधानमन्त्री



**काठमाडौँ ।** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विगतमा सरकारी स्वामित्वमा रहेका रूग्ण उद्योग पुनःसञ्चालनको सम्भाव्यताबारे व्यवस्थित अध्ययन गर्नुपर्ने बताएका छन् । बिहीबार दिउँसो प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको छलफलमा प्रधानमन्त्रीले सो कुरा बताएका हुन् । छलफलमा प्रधानमन्त्रीले विगतमा उदारीकरणका नाममा राष्ट्रिय उद्योग धराशायी भएको बताउँदै ती उद्योग पुनःसञ्चालन गर्न सकिने सम्भाव्यताका लागि व्यवस्थित अध्ययन जरूरी भएकामा जोड दिए । प्रधानमन्त्रीले भने, 'विगतमा राष्ट्रिय उद्योग चलाउनुपर्छ भन्ने जनअभिमत छ । ती उद्योगमध्ये केही उद्योग पुनःसञ्चालन गर्न सकिने सम्भावना पनि छ । हामीले नीति तथा कार्यक्रम र बजेटमा पनि त्यो कुरा राखेका छौँ । त्यसैले कुन–कुन उद्योग पुनःसञ्चालन गर्न सकिन्छ, त्यसको व्यवस्थित अध्ययन गरौँ । अध्ययनको निष्कर्षका आधारमा अगाडि बढौँ ।' प्रधानमन्त्रीले सार्वजनिक निजी साझेदारीको मोडेलमा उद्योग पुनःसञ्चालन गर्ने नीतिमा राज्यका सबै निकाय प्रष्ट हुनुपर्ने बताए । उनले भने, 'विगतको जस्तै ढाँचा र ढर्रामा उद्योगको पुनःसञ्चालन हुन सक्दैनन् । सार्वजनिक निजी साझेदारीको मोडेल नै ती उद्योग सञ्चालन गर्ने मोडेल हो ।

बुटवल धागो कारखाना, गोरखकाली रबर उद्योगलगायत उद्योगको सम्भाव्यता बलियो छ । त्यसैले व्यवस्थित अध्ययन गरी जमिनको स्वामित्व सरकारसँग रहनेगरी साझेदारीको मोडेल तयार गरौँ ।' छलफलमा अर्थमन्त्री वर्षमान पुन, उद्योगमन्त्री दामोदर भण्डारी, मुख्य सचिव डा वैकुण्ठ अर्याल, अर्थसचिव मधुकुमार मरासिनी, उद्योग सचिव कृष्ण राउतलगायत सहभागी थिए । रासस

# आयात प्रतिस्थापनबारे सरकार गम्भीर बन्नुपर्छः केसी



**काठमाडौँ ।** प्रतिनिधिसभा सदस्य अर्जुननरसिंह केसीले आयात प्रतिस्थापन गर्न नसके मुलुक आर्थिक सङ्कटमा पर्ने भन्दै सरकार गम्भीर हुनुपर्नेमा जोड दिएका छन् ।

प्रतिनिधिसभाको बिहीबारको बैठकअन्तर्गत विभिन्न मन्त्रालयगत विनियोजन विधेयक, २०८१ माथि भएको छलफलमा उनले आयात प्रतिस्थापन गर्नुपर्ने उल्लेख गरेका हुन् ।

औद्योगिक क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई प्रभावकारी रूपमा प्रयोग गर्न सक्नुपर्ने सांसद केसीले बताए । 'गत वर्षभन्दा करिब एक प्रतिशत औद्योगिक उत्पादन कम भएको छ, निजी क्षेत्र निराश छ । उनीहरूलाई प्रोत्साहन गर्ने वातावरण सिर्जना गर्नुपर्छ' उनले भने, 'आयात प्रतिस्थापन र निर्यात वृद्धिमा गम्भीर हुन नसकेमा राष्ट्रिय अर्थतन्त्र सङ्कटमा पर्छ ।' सांसद केसीले पैतालीस प्रतिशत वनजङ्गलले ओगटे पनि १८ अर्ब मूल्य बराबरको फर्निचर आयात भइरहेकाले यसलाई रोक्न पहल गर्नुपर्ने बताए ।

मुलुकको अर्थतन्त्र विकासका लागि कृषि प्रमुख क्षेत्र रहे पनि मल नपाउँदा बर्सेनि किसानहरू समस्यामा परेकाले आवश्यकताअनुसार मल आपूर्ति गर्न उनले सुझाव दिए । डोजर आतङ्कका कारण प्राकृतिक विपत्ति निम्तिन सक्ने भएकाले सरकार गम्भीर हुनुपर्नेमा उनले जोड दिए । भूमि व्यवस्थापनबारे सरकारले गम्भीर रूपमा छलफल अगाडि बढाउनुपर्ने सांसद केसीले बताए । 'अहिलेसम्म सुकुम्बासी आयोग गठन भए पनि समस्या जस्ताको तस्तै छ, कसरी समाधान गर्ने भन्नेमा सरकार गम्भीर हुनुपर्छ' उनले भने, 'धनी र गरिबबीचको खाडल कम गर्न सक्नुपर्छ ।' सहकारी ठगहरूलाई सरकारले कारबाहीको दायरामा ल्याउनुपर्नेमा सांसद केसीले जोड दिए । गरिबी न्यूनीकरणका लागि ठोस कार्यक्रम र नीति आगामी आर्थिक वर्ष २०८१÷८२ को बजेटमा उल्लेख नभएको भन्दै उनले रोजगार समस्या र गरिबी निवारणमा सरकार गम्भीर हुनुपर्ने बताए । स्वास्थ्य क्षेत्रका लागि कुल बजेटको चार दशमलव ६४ प्रतिशतमात्र बजेट विनियोजन भएकामा यो रकम अपुग भएको सांसद केसीको भनाइ थियो । रासस

# नेपालबाट तीन अर्ब बढीको हस्तकला विदेश निर्यात



**काठमाडौँ ।** नेपालबाट तीन अर्ब २६ करोड ३४ लाख १६ हजार चार सय ७० रुपैयाँ बराबरको हस्तकला विदेश निर्यात भएको छ । नेपाल हस्तकला महासङ्घले दिएको जानकारी अनुसार चालु आर्थिक वर्षको जेठ १५ गतेसम्म नेपालमा उत्पादित तीन अर्ब बढीको हस्तकला विदेश निर्यात भएको हो ।

विदेश निर्यात भएको हस्तकलामध्ये फेल्टबाट बनेका सामग्री बढिरहेका महासङ्घका महानिर्देशक उत्तमप्रसाद देवकोटाले राससलाई जानकारी दिए । उनका अनुसार चालु आवको जेठ १५ गतेसम्म नेपालबाट एक अर्ब २८ करोड २५ लाख १८ हजार नौ सय ४६ रुपैयाँको फेल्टबाट बनेका हस्तकलाका सामग्री विदेश निर्यात भएको छन् ।

नेपालबाट हाल अल्लो, बाँसजन्य वस्तु, पोतेका सामान, हाड सिङबाट बनेका, सेरामिक सामान, सुर्तीजन्य वस्तु, स्फटिकजन्य, ढाका, फेल्ट, सिसा, धूप, छाला, धातुजन्य, कपडाजन्य, चित्रकला, कागज र कागजजन्य, रेशाजन्य, चाँदी गरगहना, हस्तकला, काष्ठकला र उलनजन्यलगायत सामान विदेशमा निर्यात हुँदै आएको महानिर्देशक देवकोटाले बताए ।

उनका अनुसार चालु आवमा धातुजन्य पदार्थबाट बनेका हस्तकला ९० करोड १८ लाख १९ हजार चार सय ७२ रुपैयाँ, उलनबाट बनेका १९ करोड ५२ लाख ६९ हजार आठ सय ९० रुपैयाँ, नेपाली कागजजन्य १८ करोड ५२ लाख ९६ हजार आठ सय ६६ रुपैयाँ, मोतीबाट बनेका १६ करोड चार लाख १६ हजार छ सय ३६ रुपैयाँ बराबरका सामग्री निर्यात भएका छन् ।

काठका आठ करोड ७७ लाख ५५ हजार आठ सय छ रुपैयाँ, कपासका पाँच करोड ६२ लाख ६९ हजार चार सय ७६ रुपैयाँ, सिसाजन्य हस्तकलाका सामग्री चार करोड ३४ लाख ३८ हजार दुई सय ५१ रुपैयाँ, नेपाली धूपजन्य तीन करोड ३९ लाख ३१ हजार सात सय ९७ रुपैयाँ निर्यात भएको छ । अल्लो, बाँसजन्य, ढाकाका कपडा, भाङबाट बनेका कपडा, छालाजन्य पदार्थ, पश्मिनाका कपडा, प्लास्टिकजन्य सामग्री, सिल्क, सिल्भर र ढुङ्गाबाट बनेका हस्तकलाका सामग्री ठूलो मात्रामा निर्यात हुँदै आएको महानिर्देशक देवकोटाले बताए । उनका अनुसार यहाँ उत्पादित हस्तकला छिमेकीमूलुक भारत, चीन, संयुक्त राज्य अमेरिका, जर्मनी, डेनमार्क, नेदरल्याण्ड, बेलायत, अष्ट्रेलिया, सिङ्गापुरलगायत देशमा निर्यात हुने गरेको छ । परस्परागत हस्तकलाभन्दा नयाँ हस्तकलाका सामान विदेशमा बढी माग हुने गरेको महासङ्घले जनाएको छ । परम्परागत हस्तकलाका सामानमा काष्ठकला, प्रस्तरकला, धातुकलालगायत छन् भने नयाँमा प्राकृतिक रेशा, सिसाका सामान, बोधिचित्तका मालालगायत रहेका छन् । रासस

# पुँजी बजारमा करिब साढे ६ अर्बको कारोबार

**काठमाडौँ ।** यो सातामा कारोबारको अन्तिम दुई दिन पुँजी बजारमा कारोबार रकम उल्लेख्य रूपमा बढेको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सामान्य अङ्कले बढ्दा कारोबार पाँच अर्ब ८९ करोड रुपैयाँ नाघेको थियो ।

नेप्से परिसूचक बिहीबार नौ दशमलव ३२ अङ्कले घट्दा कारोबार करिब ६ अर्ब ५० करोड रुपैयाँ नजिक पुगेको हो । नेप्से परिसूचक बिहीबार शून्य दशमलव ४३ प्रतिशतले घटेर दुई हजार एक सय १२ दशमलव २९ को बिन्दुमा कायम भएको छ । तीन सय १३ कम्पनीको एक करोड ४२ लाख ९४ हजार सात सय १२ कित्ता शेयर ७७ हजार चार सय पटक खरिद बिक्री हुँदा ६ अर्ब ४४ करोड ३० लाख २९ हजार रुपैयाँ बराबरको कारोबार भएको हो ।

बिहीबारको कारोबारमा विकास बैंक समूह एक दशमलव तीन र वित्त समूह दुई दशमलव ०३ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ ।

सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह र व्यापार समूह समान एक दशमलव तीन प्रतिशतले घटेका छन् । त्यस्तै, बैंकिङ शून्य दशमलव ४३, होटल तथा पर्यटन शून्य दशमलव १५, जलविद्युत् शून्य दशमलव १५, जलविद्युत् शून्य दशमलव ५९ र लगानी शून्य दशमलव ६४ प्रतिशतले घटेको छ । जीवन बीमा समूहको उपसूचक शून्य दशमलव ५१, लघुवित्तको शून्य दशमलव ३८, म्युचुअल फण्डको शून्य दशमलव ११, निर्जीवन बीमाको शून्य दशमलव ८२ र अन्य समूहको उपसूचक शून्य दशमलव ८१ प्रतिशतले घटेको छ । समृद्धि फाइनान्स कम्पनी लिमिटेड, कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेड र साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने मिड सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा बिहीबार सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको २८ करोड ४७ लाख ३९ हजार रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै हिमालयन बैंक लिमिटेड प्रमोटर शेयर सात लाख ५० हजार तीन सय ९४ कित्ता शेयर किनबेच भएको छ । रासस

# भारतीय प्रधानमन्त्री मोदी इटाली प्रस्थान



**एएनआई**
**नयाँदिल्ली ।** भारतका प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो तेस्रो कार्यकालको कार्यभार सम्हालेपछि पहिलो विदेश भ्रमणको रूपमा समूह सात (जी–७) शिखर सम्मेलनमा भाग लिन इटाली प्रस्थान गरेका छन् ।

जुन १३–१४ सम्म अपुलिया क्षेत्रमा आयोजना हुने यस सम्मेलनमा आमन्त्रित राष्ट्रका रूपमा भारतलाई निमन्त्रणा गरिएको हो । सम्मेलनमा अमेरिका, बेलायत, क्यानडा, जर्मनी, इटाली, जापान र फ्रान्सका साथै युरोपेली सङ्घका सदस्य राष्ट्रहरूले भाग लिनेछन् । इटालीकी प्रधानमन्त्री जर्जिया मेलोनीले प्रधानमन्त्री मोदीलाई जी–७ शिखर सम्मेलनमा सहभागी हुन आमन्त्रित गरेका थिए । यो सहभागिता जी–७ शिखर सम्मेलनमा भारतको ११औँ र जी–७ शिखर सम्मेलनमा प्रधानमन्त्री मोदीको लगातार पाँचौँ सहभागिता हुनेछ । शिखर सम्मेलनमा प्रधानमन्त्री मोदीले जी–७ र आमन्त्रित राष्ट्र साथै अन्तर्राष्ट्रिय संस्थाका नेतासँग द्विपक्षीय बैठक र छलफल गर्ने अपेक्षा गरिएको छ । विदेशसचिव क्वात्राका अनुसार प्रधानमन्त्री मोदीले आफ्ना इटालियाली समकक्षी जर्जिया मेलोनीसँग पनि द्विपक्षीय बैठक गर्ने अपेक्षा गरिएको छ ।

एक विशेष कार्यक्रमलाई सम्बोधन गर्दै विदेश सचिव विनय क्वात्राले लगातार तेस्रो कार्यकाल सम्हालेपछि प्रधानमन्त्री मोदीको यो पहिलो विदेश भ्रमण भएकाले महत्त्वपूर्ण रहेको बताए । 'यसले उहाँलाई भारत र ग्लोबल साउथका लागि महत्त्वपूर्ण मुद्दाहरूमा जी–७ शिखर सम्मेलनमा उपस्थित अन्य विश्व नेताहरूसँग सम्लग्न हुने अवसर पनि दिनेछ । यो जी–७ शिखर सम्मेलनमा भारतको ११औँ र प्रधानमन्त्री मोदीको लगातार पाँचौँ सहभागिता हुनेछ' उनले भने । क्वात्राका अनुसार जी–७ शिखर सम्मेलनमा विशेषत आर्टिफिसियल इन्टेलिजेन्स, ऊर्जा, अफ्रिका र भूमध्यसागरको अवस्थाबारे छलफल गरिनेछ । 'जी–७ शिखर सम्मेलनमा भारतको नियमित सहभागिताले शान्ति, सुरक्षा, विकास र वातावरण संरक्षण लगायत विश्वव्यापी चुनौतिहरूको समाधान गर्ने प्रयासमा गरेको निरन्तर प्रयासहरूको बढ्दो मान्यता र योगदानलाई कदर गरिनेछ' उनले भने ।

जनवरी १ मा इटालीले सातौँ पटक जी–७ को अध्यक्षता ग्रहण गरेको थियो । राष्ट्रहरू अमेरिका, क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान र बेलायत जी–७ सदस्य राष्ट्र हुन् । सात सदस्य राष्ट्रका नेताहरू, साथै युरोपेली परिषद्का अध्यक्ष र युरोपेली सङ्घको प्रतिनिधित्व गर्ने युरोपेली आयोगका अध्यक्षले जी–७ शिखर सम्मेलनमा भाग लिनेछन् । भारत, टर्की र विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूसहित धेरै राज्यहरूलाई पनि इटालीले जी–७ शिखर सम्मेलनमा आमन्त्रित गरेको छ ।

# अमेरिकालाई हराउँदै भारत विश्वकपको सुपर आठमा



काठमाडौँ । आइसिसी टि ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगितामा अमेरिकालाई पाखा लगाउँदै भारत विजयी भएको छ । अमेरिकाको न्यूयोर्कमा बुधबार राति सम्पन्न खेलमा अमेरिकालाई सात विकेटले हराउँदै भारत विश्वकपको सुपर आठमा पुगेको हो ।

लगातार तेस्रो जित हात पारेको भारत छ अङ्क जोड्दै समूह 'ए' बाट सुपर ८ मा प्रवेश गर्ने पहिलो टोली बन्यो । सोही समूहमा रहेको अमेरिका तीन खेलबाट चार अङ्कसहित दोस्रो स्थानमा छ ।

पाकिस्तान र क्यानाडाको समान दुई अङ्क छ । आयरल्यान्डले अङ्क खाता खोल्न सकेको छैन । खेलमा अमेरिकाले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै एक सय ११ रनको लक्ष्य प्रस्तुत गरेको थियो । जवाफमा भारतले १८ दशमलव ३ ओभरमा तीन विकेट गुमाउँदै लक्ष्य पूरा गरेको अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । भारतका लागि सूर्यकुमार यादवले ४९ बलमा दुई चौका र दुई छक्कासहित सर्वाधिक ५० रनको योगदान दिए । त्यस्तै ऋषभ दुबेले ३१ रन बनाए भने ऋषभ पन्तले १८ रनको योगदान दिए । अमेरिकाका सौरभ नेत्रवालकरले दुई विकेट लिए भने अली खानले एक विकेट झारे । त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको अमेरिकाका ओपनर सायन जहाङ्गिरलाई अर्शदीप सिंहले पहिलो बलमै आउट गर्दै दबाब दिएका थिए । त्यसपछि नितिश कुमारले २३ बलमा सर्वाधिक २७ रनको योगदान गरे भने अर्का ओपनर स्टेभन टेलरले ३० बलमा २४ रन बनाए । भारतका अर्शदीप एक्लैले चार विकेट लिए भने हार्दिक पाण्डेयाले दुई तथा एक्सर पटेलले एक विकेट लिए । रासस

# सामाजिक न्यायका लागि जलवायु न्यायलाई बिर्सन मिल्दैनः राष्ट्रपति



जेनेभा ।

राष्ट्रपति रामचन्द्र पौडेलले सामाजिक न्यायको कुरा गरिरहँदा विश्वस्तरमा स्थापना गरिनुपर्ने जलवायु न्यायलाई बिर्सन नमिल्ने बताएका छन् । स्वीट्जरल्याण्डको जेनेभामा सुरु भएको ११२औँ अन्तर्राष्ट्रिय श्रम सम्मेलनको उच्चस्तरीय सत्रमा आयोजना गरिएको 'सामाजिक न्यायका लागि विश्वव्यापी गठबन्धन'को बिहीबार उद्घाटन सत्रलाई मुख्य वक्ताका रूपमा सम्बोधन गर्दै उनले विश्व समुदाय खास गरेर विगतदेखि हालसम्मका ठूला उत्सर्जनकर्ता यो जिम्मेवारीबाट विमुख हुनु हुँदैन भने । 'हामीले सामाजिक न्यायको कुरा गरिरहँदा विश्वस्तरमा स्थापना गरिनुपर्ने जलवायु न्यायलाई बिर्सन मिल्दैन', राष्ट्रपति पौडेलले भने, 'जलवायु परिवर्तनका नकारात्मक असरहरूको सन्दर्भमा जलवायु जोखिममा रहेका देशहरूलाई पर्याप्त कोष र आवश्यक प्रविधि उपलब्ध गराएर जलवायु न्याय तुरुन्तै सुनिश्चित गरिनुपर्छ ।' उनले कार्बन उत्सर्जनमा नगण्य योगदान दिए पनि नेपालले जलवायु परिवर्तनको सबैभन्दा खराब असरको सामना गरिरहेको जनाउँदै यसमा नेपालको कुनै दोष नभएको स्पष्ट पारे । 'पछिल्ला वर्षहरूमा संसारकै सर्वोच्च शिखर सगरमाथालगायत हाम्रा हिमालयहरू आफ्ना हिउँ गुमाउँदै काला पहाडमा परिणत हुन थालेका छन् । हिमनदीहरू अभूतपूर्व परिमाण र गतिमा पग्लिरहेका छन्', उनले भने, 'जलवायु परिवर्तनले स्वच्छ पानी, बाली, जैविक विविधता र स्वास्थ्यमा गम्भीर असर पुग्नुका साथै लाखौँ मानिसलाई गरिबी र असमानतातर्फ धकेलिरहेको छ ।

जलवायु परिवर्तनबाट सिर्जित विपद्का कारण परिवार, समुदायको विस्थापन र जीविकोपार्जनमा हुने क्षतिले समस्या थप जटिल बनाएको छ ।' राष्ट्रपति पौडेलले श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न सबैलाई अपिल गरे । श्रम जगत्ले नै विश्वलाई समृद्ध बनाएको उल्लेख गर्दै उनले श्रमबाट आएको प्रतिफलको न्यायोचित हिस्सा कामदारको हातमा पुग्ने कुरा सुनिश्चित गर्नु सबैको साझा दायित्व र सामाजिक न्याय भएको उल्ल्ेख गरे । 'श्रमिकलाई समानता र न्याय कायम गराउनु हाम्रो सामूहिक सङ्कल्प पनि हो, स्वतन्त्रता र सामाजिक न्यायका लागि आफ्नो ऊर्जाशील जीवन अर्पण गरेको, १५ वर्ष जेलजीवन बिताएको एक अधिकारकर्मीका नाताले विश्वका सबै देश र समाजमा रहेका निमुखा र विपन्न नागरिकले न्यायसँगै भोक र भयबाट मुक्ति पाउनुपर्छ', राष्ट्रपति पौडेलले भने । सामाजिक न्यायका माध्यमबाट दिगो शान्ति प्राप्त गर्ने सबैको सामूहिक प्रयास बिहीबार पनि उत्तिकै सान्दर्भिक रहेको राष्ट्रपति पौडेलले बताए । निमुखालाई न्याय र विपन्नलाई आयको व्यवस्था नभए दिगो शान्ति सम्भव नहुने उनको भनाइ थियो । 'सामाजिक न्यायका माध्यमबाट दिगो शान्ति प्राप्त गर्ने सामूहिक प्रयास एक सय वर्षअघि जस्तै आज पनि सान्दर्भिक छ', उनले भने । राष्ट्रपति पौडेलले बिहीबारको श्रमबजार तीव्रगतिमा परिवर्तन भइरहेको जनाउँदै यसले नवीन सीपको, नयाँ प्रविधिको र सिर्जनशील कार्यशैलीको माग गरेको बताए । उनले भने, 'औद्योगिक उत्पादन हुन् वा सेवा क्षेत्र वा सूचना प्रविधिमा आधारित बैंकिङ सेवा, यन्त्र सिकाइ र कृत्रिम बौद्धिकता किन नहुन्, सबै क्षेत्रमा परिवर्तन आएको छ, कार्य प्रकृतिमा आएको परिवर्तनको सामना गर्न थप ग्रहणशीलता र नवीन कार्यशैली आवश्यक छ ।' राष्ट्रपति पौडेलले विश्वले विद्युतीय, दूरसेवा अर्थतन्त्रलगायत नवीन चुनौतीलाई आत्मसात् गरेकाले यी सबै क्षेत्रमा मर्यादित श्रमको कार्यसूची कार्यान्वयन गर्न प्रतिबद्ध रहेको उल्लेख गरे । 'हामीले नयाँ काम, सीप र कार्यस्थलका लागि आफूलाई तयार राख्नुपर्दछ', उनले भने, 'विकासमा खर्च गर्नुपर्ने ठूलो रकम घातक हतियारमा लगानी गरिएको छ, अन्तर्राष्ट्रिय समुदायले यो पथलाई उल्ट्याउनुपर्छ र समग्र मानवताको समृद्धिका लागि स्रोतहरू परिचालन गर्नुपर्छ ।' राष्ट्रपति पौडेलले दिगो शान्ति हतियारबाट नभइ साझा समृद्धि र विश्वबन्धुत्वको भावनाबाट प्राप्त गर्न सकिने बताए । सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले राजतन्त्रदेखि सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्मको हाम्रो राजनीतिक यात्रामा सोही गति र अनुपातमा हामीले श्रम रोजगार र सामाजिक सुरक्षाका क्षेत्रमा पनि सामाजिक न्यायलाई परिवर्तनको केन्द्र भागमा राख्दै आएको जानकारी दिए । उनले नेपालको संविधानले श्रमसम्बन्धी, रोजगारी, ट्रेड युनियन गठन र सामूहिक सौदाबाजीमा सहभागी हुन पाउने हकलाई मौलिक हकका रूपमा व्यवस्था गरेको उल्लेख गरे । राष्ट्रपति पौडेलले संविधानको उक्त व्यवस्था कार्यान्वयनका लागि श्रम, ट्रेड युनियन, रोजगारीको हकसम्बन्धी, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन तथा राष्ट्रिय रोजगारी नीतिजस्ता कानुनी र संस्थागत प्रबन्धहरू गरिएको पनि बताए । उनले भने, 'सबै उत्पादनशील युवा शक्तिलाई रोजगारीको व्यवस्था गर्न सकिएको छैन । आन्तरिक रोजगारी सिर्जनाको लागि 'श्रमाधान' योजनाको सुरूआत गरेका छौँ ।' वैदेशिक रोजगारीमा गएका नेपाली युवा जनशक्तिलाई सम्मानपूर्ण व्यवहार गर्न अपिल गर्दै राष्ट्रपति पौडेलले भने, 'विकासशील मुलुकका युवाहरू कामको खोजीमा श्रम गन्तव्य मुलुकमा जाने क्रम बढ्दो छ । यस तथ्यलाई मध्यनजर गर्दै विश्वका सबै मुलुकहरूलाई म अपिल गर्न चाहन्छु कि वैदेशिक रोजगारीमा गएका श्रमिकको कामको कदर गर्दै उनीहरूलाई स्वदेशी कामदारसरह व्यवहार गरियोस् ।' उनले सामाजिक न्यायका लागि विश्वव्यापी गठबन्धनमा सहभागी भई सामाजिक न्यायप्रति पुनः प्रतिबद्धता जनाउन, बहुपक्षीयताप्रति पुनःविश्वास दोहोर्याउन तथा सामाजिक सम्झौतालाई नवीकरण गर्न पाउँदा आफूहरू अत्यन्त उत्साहित भएको उल्लेख गर्दै उनले भने, 'आज घोषणा भएको यो विश्वव्यापी गठबन्धन, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको आदर्शका रूपमा रहेको सामाजिक न्याय सबैका लागि र सबै क्षेत्रमा अङ्गीकार गर्ने दिशामा हाम्रो भद्र समर्थन र साझा प्रतिबद्धता हो । श्रमिकलाई समानता र न्याय कायम गराउनु सामूहिक सङ्कल्प पनि हो । म श्रमको सम्मान गर्ने संस्कृतिको विकासका लागि सबैलाई अपिल गर्न चाहन्छु ।' दिगो शान्ति र दिगो आर्थिक विकासका लागि सामाजिक न्यायको केन्द्रीय भूमिका निरङ्कुश राजतन्त्रदेखि सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्मको आफ्नै कठिन राजनीतिक यात्राबाट आफूहरूले गहिरोसँग बुझेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले भने, 'तसर्थ श्रमको सम्मानसँग जोडिएको यस अहम् मूल्यप्रति हामी अडिग छौँ र हामी यस सामाजिक न्यायका लागि विश्वव्यापी गठबन्धनमा सहभागी हुनुले यो स्पष्ट भएको छ ।' उनले सामाजिक न्यायका लागि विश्वव्यापी गठबन्धनले हाम्रो समाजको विषमता वहन गर्न सक्ने क्षमता विकास गर्न, सामाजिक र आर्थिक नीतिहरूमा सामञ्जस्यता कायम गर्न तथा सामाजिक संवादका माध्यमबाट साझा समृद्धि हासिल गर्ने लक्ष्यमा सबैलाई निरन्तर प्रेरित गर्नेछ भन्ने विश्वास व्यक्त गरे । राष्ट्रपति पौडेलले अन्तर्राष्ट्रिय श्रम सङ्गठनको संविधानको मूल मर्मका रूपमा रहेको सामाजिक न्यायले निर्दिष्ट गरेका समान अधिकार, समान अवसर र समान व्यवहारसम्बन्धी व्यवस्था नेपालको संविधानमा पूर्ण आत्मसात् गरेको बताए । उनले भने, 'निष्कर्षमा, सामाजिक न्यायका लागि विश्वव्यापी गठबन्धनले सामाजिक सद्भाव र सहिष्णुता कायम राख्न, आर्थिक विकास र समृद्धि हासिल गर्न सामाजिक संवादका माध्यमबाट सबैलाई ऐक्यबद्ध हुन निरन्तर प्रेरित गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।' अन्तर्राष्ट्रिय श्रम सङ्गठनका महानिर्देशक गिलवर्ट टुंगबोले सम्बोधन गर्दै राष्ट्रपति पौडेलले सामाजिक न्याय स्थापनाका लागि जीवनभर गरेको योगदानको उच्च प्रशंसा गरे । उनले राष्ट्रपति पौडेल सहभागितामूलक लोकतन्त्र, सामाजिक मूल्यको पक्षमा सधैँ दृढतापूर्वक उभिएको भन्दै प्रशंसा गरेका थिए । उनले नेपालको संविधानले सन्तुलित समाज निर्माणका लागि सामाजिक न्यायका सिद्धान्तलाई पूर्ण रूपले आत्मसात् गरेको बताउँदै सामाजिक संरक्षण र सामाजिक न्यायका लागि नेपाल एउटा पथप्रदर्शक सदस्यका रूपमा रहेको उल्लेख गरे । रासस

# विनियोजन विधेयकमाथि खर्च कटौतीका आठ प्रस्ताव प्रस्तुत



**काठमाडौँ ।**

प्रतिनिधिसभाको बिहीबारको बैठकमा विनियोजन विधेयक, २०८१ अन्तर्गत विभिन्न तीनवटा मन्त्रालयको बजेटमाथि छलफलका क्रममा खर्च कटौतीका आठ प्रस्ताव पेस भएका छन् । बिहीबारको बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको बजेटमाथि छलफल भइरहेको छ । प्रतिनिधिसभामा छलफलका क्रममा यी तीन मन्त्रालयको खर्च कटौतीका आठवटा प्रस्ताव परेका हुन् । बैठकमा प्रतिनिधिसभा सदस्य दिलेन्द्रप्रसाद बडूले 'विनियोजन विधेयक, २०८१ अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ गरियोस्' भनी खर्च कटौतीको प्रस्ताव गरेका छन् । उद्योग मन्त्रालयका पदाधिकारी र कर्मचारीका लागि विभिन्न भत्ता शीर्षक कायम गरेर आर्थिक अनुशासन उल्लङ्घन गरिएको उनको भनाइ छ । चालु खर्च बढाउनेगरी विभिन्न भत्ता शीर्षक कायम गरिएकाले खर्च कटौतीको प्रस्ताव पेस गरेको उनले संसद्मा बताए । उद्योग मन्त्रालयअन्तर्गतका विभिन्न क्रमागत आयोजनासमेतलाई बजेट नराखेर नतिजा दिन नसक्ने प्रकृतिका योजना र कार्यक्रम परेको सांसद बडूले बताए । रुग्ण र बन्द अवस्थामा रहेका उद्योग व्यवस्थापनको विषय बजेटको प्राथमिकतामा नपरेको र पर्याप्त बजेटसमेत विनियोजन नभएको उनले बताए । सांसद डा अमरेशकुमार सिंहले 'विनियोजन विधेयक, २०८१ अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ गरियोस्' भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गरेका छन् । राजनीतिक अस्थिरताका कारण सरकार र शासन व्यवस्थाप्रति नागरिकको गुनासो बढ्दै गएको सिंहले बताए । आगामी आर्थिक वर्षको बजेटले आन्तरिक वस्तु उत्पादनलाई प्रवद्र्धन र बजारीकरणमा सघाउन नसकेको उनले आरोप लगाए । विभिन्न वस्तु तथा सेवा मुलुकभित्र उत्पादन हुन सकेमात्र आर्थिक समृद्धि हासिल गर्न सम्भव हुने उनको भनाइ छ । संशोधनबिना सत्तापक्षले बजेट पारित गर्ने भएकाले संसद्मा विनियोजन विधेयकमाथि छलफल गर्नुको तात्विक अर्थ नरहेको सांसद सिंहले बताए । नागरिकको स्वास्थ्यसम्बन्धी हक प्रभावकारी कार्यान्वयन हुन नसकेको भन्दै बजेटकोसमेत प्राथमिकतामा नरहेको उनको भनाइ छ । सांसद प्रेम सुवालले 'विनियोजन विधेयक, २०८१ अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र स्वास्थ्य तथा जनसख्यां मन्त्रालय शीर्षकको खर्च रकममा उल्लेखित रकम घटाइयोस्' भनी खर्च कटौतीको प्रस्ताव गरेका छन् । विदेशी पुँजीमा आश्रित हुने नभइ आन्तरिक पुँजी सिर्जना र लगानीबाट अर्थतन्त्र सबल बनाइनुपर्ने सांसद सुवालले बताए । काठमाडौँ उपत्यकाभित्रका औद्योगिक क्षेत्रलाई उपत्यका बाहिर स्थानान्तरण गर्न ढिलाइ भएको विषयमा उनले संसद्को ध्यानाकर्षण गराए । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गर्ने बजार अनुगमनका क्रममा कर्मचारीले व्यापारीसँग घुस माग्ने गरेको गुनासो आएकाले यसबारे सरकार र सरोकार भएका निकाय गम्भीर हुनुपर्नेमा सांसद सुवालले जोड दिए । विशेष आर्थिक क्षेत्र (सेज)को निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने र सबै पालिकामा सहुलियत पसल खोलिनुपर्ने माग उनले राखे । सीमा नाकाको विवाद व्यवस्थापन गरिनुपर्ने, भूमिसम्बन्धी समस्या समाधान गरिनुपर्ने, भूमिहीन सुकुम्बासीलाई तत्काल भूमि उपलब्ध गराउनुपर्ने सांसद सुवालको माग छ । स्वास्थ्य क्षेत्रका समस्या समाधानका लागि बजेटले स्पष्ट योजना ल्याउन नसकेको पनि उनले बताए । सांसद बिना लामाले 'विनियोजन विधेयक, २०८१ अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्' भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गरेकी छन् । उद्योग र निर्माण क्षेत्रको वृद्धिदर नकारात्मक रहेको अहिलेको अवस्थामा यी क्षेत्रलाई चलायमान हुनेगरी बजेट आउन नसकेको सांसद लामाले बताइन् । आन्तरिक लगानी खुम्चिएको र प्रतिबद्धताअनुसार बाह्य लगानी प्राप्ति नभइरहेको अवस्थालाई गम्भीर रूपमा लिइनुपर्ने उनको भनाइ छ । औद्योगिक पूर्वाधार निर्माण गर्न विभिन्न स्थान तय भइसकेको अवस्थामा तिनलाई अघि बढाउन छाडेर सरकारले नयाँ योजना अघि सारेको सांसद लामाले उल्लेख गरिन् । मुलुकभित्र विभिन्न स्थानमा रहेका खनिजजन्य खानी उत्खननलाई बजेटले प्राथमिकतामा राख्न नसकेको उनले दाबी गरिन् । गुठी व्यवस्थापनसम्बन्धी समस्या अझै समाधान हुन नसकेको उनको भनाइ छ । सांसद रुपा विकले 'विनियोजन विधेयक, २०८१ अन्तर्गत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ गरियोस्' भनी खर्च कटौतीको प्रस्ताव प्रतिनिधिसभामा राखेकी छन् । उक्त मन्त्रालयको बजेट शीर्षकमा मन्त्रालयका पदाधिकारी र कर्मचारीका लागि अनावश्यक भत्ता उपलब्ध गराउनेगरी रकम विनियोजन भएकाले खर्च कटौतीको प्रस्ताव पेस गरेको सांसद विकको भनाइ छ । सहकारी क्षेत्रका देखिएका समस्या समाधानका लागि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको भूमिका कमजोर देखिएको उनले बताइन् । सहकारी संस्थाको प्रभावकारी अनुगमन आवश्यक रहेको अहिलेको अवस्थामा त्यसका लागि पर्याप्त बजेट विनियोजन नभएको सांसद विकले दाबी गरिन् । भूमिहीन र सुकुम्बासीका अधिकार प्रत्याभूति गर्न बजेट केन्द्रित हुन नसकेको उनको भनाइ छ । योजनाबिना नै जग्गाको वर्गीकरण भइरहेको र कृषियोग्य जमिन तीव्र रूपमा प्लटिङ भइरहेकोप्रति उनले संसद्मार्फत सरकारको ध्यानाकर्षण गराइन् । स्वास्थ्य क्षेत्रमा पूर्वाधार, जनशक्ति र औषधिको अभाव रहेको भनेर जनगुनासो आइरहे पनि सरकारले बजेटको प्राथमिकतामा राख्न नसकेकाले आफूले खर्च कटौतीको प्रस्ताव पेस गर्नुपरेको विकले बताइन् । सांसद ज्ञानबहादुर शाहीले 'विनियोजन विधेयक, २०८१ अन्तर्गत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ गरियोस्' भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गरेका छन् । भूमिको वैज्ञानिक र प्रभावकारी व्यवस्थापन हुन नसक्दा खालिरहेका ठाउँमा मानवबस्ती बनेको, कृषि उत्पादन फल्ने ठाउँमा अव्यवस्थित सहरीकरण भइरहेकालगायत समस्या बढ्दै गएको उनले बताए । नेपालमा कृषियोग्य उत्पादनबाट प्रशस्त आर्थिक लाभ लिनसक्ने सम्भावना रहे पनि त्यसलाई सरकारले प्राथमिकतामा राख्न नसक्दा नेपालकको श्रमशक्ति विदेशिनुपरेको र विदेशबाट वस्तु आयात गरेर खपत गर्नुपर्ने अवस्था आएको सांसद शाहीले बताए । नेपालको व्यापार घाटा बर्सेनि बढिरहेको उल्लेख गर्दै उनले मुलुकभित्रका उत्पादनका क्षेत्र पहिचान गरी लगानी केन्द्रित गर्न सक्नुपर्ने बताए ।

प्रतिनिधिसभा सदस्य शान्ति विकले 'विनियोजन विधेयक, २०८१ अन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ गरियोस्' भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गरेका छन् । नेपालमा स्वास्थ्य सेवाको पहुँच र गुणस्तर बढाउन अतिआवश्यक रहे पनि आगामी आर्थिक वर्षको बजेटले त्यसलाई प्राथमिकतामा राख्न नसकेको उनले बताए । सरकारले कार्यान्वयन गरेको स्वास्थ्य बीमा कार्यक्रम केही हदसम्म प्रभावकारी देखिए पनि पर्याप्त नभएको सांसद विकले बताए । स्वास्थ्य बीमाको दुरुपयोग भइरहेको उनको भनाइ छ । विभिन्न देशमा स्वास्थ्य सेवा पनि करद्वारा वित्त पोषित हुने र निःशुल्क रहेको बताउँदै उनले नेपालमा पनि स्वास्थ्य क्षेत्रलाई सरकारले उच्च प्राथमिकतामा राख्नुपर्ने बताए । भूमिहीन तथा सुकुम्बासीका समस्या हल गर्न र सहकारी क्षेत्रको समस्या समाधान गर्न पनि सरकारले प्राथमिकतामा राखेर काम गर्नुपर्नेमा सांसद विकले जोड दिए । सांसद रोशन कार्कीले 'विनियोजन विधेयक, २०८१ अन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्' भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गरे । बिहीबारको बैठकमा उनले स्वास्थ्य तथा जनसख्यांमन्त्रीलाई बजेटमा राखिएका विषयहरूलाई अध्ययन गर्न र त्यसको गम्भीर समीक्षा गर्नसमेत आग्रह गरे । महिला, ग्रामीण र पिछडिएका क्षेत्र लक्षित स्वास्थ्य कार्यक्रम आउन नसकेको सांसद कार्कीको भनाइ छ । राज्यबाट प्राप्त हुने स्वास्थ्य सुविधा आर्थिक रूपमा विपन्न र पिछडिएको क्षेत्रलाई लक्षित गरी कार्यान्वयन गरिनुपर्नेमा उनले जोड दिए । महिलाको पाठेघर र स्तनको क्यान्सरको समस्या विकराल हुँदै गएको विद्यमान अवस्थामा त्यसको समाधानका लागि पर्याप्त बजेट विनियोजन हुन नसकेको सांसद कार्कीले बताए । प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १४६ मा खर्च कटौतीको प्रस्तावसम्बन्धी व्यवस्था रहेको छ ।

नियमावलीमा 'कुनै शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्', 'कुनै शीर्षकको खर्च रकममा उल्लिखित खर्च रकम घटाइयोस्', वा 'कुनै शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस्' भन्ने प्रस्ताव मात्रै पेस गर्नसक्ने प्रावधान छ । 'शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्' भनी प्रस्तुत गरिएको प्रस्तावलाई शीर्षकमा निहित नीतिमाथि असहमति प्रकट गर्न प्रस्तुत गरिएको मानिन्छ भने 'शीर्षकको खर्च रकममा उल्लिखित खर्च रकम घटाइयोस' भनी प्रस्तुत गरिएको प्रस्तावलाई मितव्ययिता अवलम्बन गर्न प्रस्तुत गरिएको मानिन्छ । 'शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस्' भनी प्रस्तुत गरिएको प्रस्तावलाई नेपाल सरकारको जवाफदेहिताभित्रको विषयमा प्रस्तावक सदस्यलाई चित्त नबुझेको विषय प्रकट गर्न प्रस्तुत गरिएको साङ्केतिक कटौतीका प्रस्ताव मानिन्छ । रासस

# फेला परेको शव सनाखत

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जगरनाथपुर गाउँपालिका वाड नम्बर १ पिडारी नजिकै ओरिया खोलामा गत मंगलबार गाडिएको अवस्थामा फेला परेका २ शवको पहिचान खुलेको छ । एउटा शव बाराको कलैया उपमहानगरपालिका वाड नम्बर ६ का ६० वर्षीया रामएकवाल पडित कुम्हालको र अर्को शव बाराकै आर्दशकोतवाल गाउँपालिका वाड नम्बर ७ घर भई कलैयामा बस्दै आएका ४० वर्षीय ठाकुर लोहारको रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक दिपक भारतीले जानकारी दिए । दुवै शवको वीरगंजस्थित नारायणी अस्पतालमा परीक्षण सकिएको प्रहरीले जनाएको छ । जगरनाथपुर गाउँपालिका वाड नम्बर १ पिडारी नजिकै विसनपुर्वाबाट भारतको नगरदाहतर्फ जाने बाटोको ओरिया खोला नजिकै नेपाल–भारत सीमा दशगजामा ती शव गाडिएको अवस्थामा फेला परेको थियो । सशस्त्र प्रहरी र भारतीय सीमा सुरक्षा बल एसएसबीको संयुक्त गस्ती टोलीले मंगलबार ती शव गाडेको स्थानमा स्यालले खोतलेको अवस्थामा फेला पारेका थिए । घटनाबारे अनुसन्धान भइरहेको डीएसपी भारतीले बताए ।

# नारायणी अस्पतालको फार्मेसीमा म्याद सकिन लागेको औषधि




**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणी अस्पतालको फार्मेसीमा म्याद सकिन लागेको औषधि भेटिएको छ । औषधि आपूर्ति गर्दै आएको सप्लायर्स कम्पनीलले अस्पतालको फार्मेसीमा म्याद गुज्रिनै लागेको औषधि आपूर्ति गरेको भेटिएको हो ।

अस्पतालमा चालू आर्थिक वर्ष २०८०÷८१ मा औषधि आपूर्ति गर्ने ठेक्का पाएको पर्सा साइन्स कम्पनी, एस.आर सप्लायर्स र साक्षी मेडिकलले अस्पतालमा म्याद सकिन लागेको औषधि आपूर्ति गरेको पाइएको हो ।

अस्पतालले खरिद गर्दै आएको औषधिको म्याद सकिन अन्तिम अवस्था पुगेपछि सस्तोमा पाउने गरेको कर्मचारी स्रोतले जनाएको छ । स्रोतका अनुसार करिब ६ महिना म्याद बाँकी रहँदा कर्मचारीको मिलोमतोमा म्याद सकिन नजिकको औषधि खरिद गरिएको हो । अस्पतालको फार्मेसीमा राखिएको ड्रोलाइट नामक औषधिको म्याद सन् २०२४ जुलाई २४ सम्म मात्र रहेको छ ।

जब कि औषधिको म्याद सक्कुभन्दा तीन महिना अगाडि नै सप्लायर्स कम्पनीले औषधि फिर्ता लैजानुपर्ने प्रावधान छ । तर, यो औषधिको म्याद सकिन अब ५० दिन मात्र बाँकी छ । फार्मेसीमा राखिएको अधिकांश औषधिको म्याद सकिन अब तीन महिनादेखि पाँच महिना मात्र बाँकी रहेको पाइएको छ ।

# ४१ फरार प्रतिवादी पक्राउ, ट्राफिकद्वारा १८ लाख बढी राजश्व संकलन




**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहट प्रहरीले मात्र ३० दिनभित्र ४१ जना फरार प्रतिवादी पक्राउ गरेको छ भने सोही अवधिमा ट्राफिक प्रहरीले १८ लाख भन्दा बढी राजश्व संकलन गरेको छ । फैसला कार्यान्वयन अन्तर्गत अदालतबाट कैद तथा जरिबाना सजाय तोकिएर फरार रहेका ४१ जना प्रतिवादीलाई जिल्ला प्रहरी कार्यालय तथा मातहतका युनिटहरुले पक्राउ गरेको हो । गत जेठ १ गतेदेखि ३० गतेसम्म पक्राउ परेका सबैजना फैसला कार्यान्वयनका लागि जिल्ला अदालत गौरमा बुझाईएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताएकी छन् । जिल्ला प्रहरी कार्यालय रौतहटमा नयाँ एसपीको रुपमा दिलीप घिमिरेले कमाण्ड सम्हालेदेखि छुट्टै अभियान सञ्चालन गरेर फरार प्रतिवादीलाई पक्राउ गरी कारबाही तथा फैसला कार्यान्वयन गराउन तीब्रता दिइएको छ । त्यसैगरी एसपी घिमिरेको सक्रियताले जिल्लामा आपराधिक क्रियाकलापमा कमी आउनुका साथै संस्थागत तस्करी समेत नियन्त्रण भएको स्थानीयहरूको भनाई छ । त्यस्तै ट्राफिक प्रहरी कार्यालयले मात्र ३० दिनको अवधिमा १८ लाख रुपैयाँ भन्दा बढी राजश्व संकलन गरेको छ ।

कार्यालय प्रमुख इन्स्पेक्टर सुशील आचार्यको सक्रियताले ट्राफिक नियम विपरित चलेका सवारी साधनलाई कारबाही गरी ३० दिनभित्र १८ लाख रुपैयाँ भन्दा बढी राजश्व संकलन गरेको हो । यही जेठ १ गतेदेखि बुधबारसम्म जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट गरिएको चेकजाँचको क्रममा सवारी नियम उल्लंघन गर्ने १५८५ जना सवारी चालकहरुलाई सवारी नियम अनुसार कारबाही गरी १८ लाख, ७० हजार रुपैयाँ राजस्व संकलन गरेको प्रहरी प्रवक्ता डिएसपी गिरीले बताइन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रिगाहपुर मातहत सदरमुकाम गौर, गरुडा, चन्द्रपुर, बागमती, कटहरिया मौलापुर, बिजयपुरसँगै ग्रामीण क्षेत्रमा समेत ट्राफिक प्रहरी परिचालन गरेपछि सवारी दुर्घटनामा कमी आउनुका साथै नियम विपरीत चल्ने सवारीधनीलाई कारबाहीको दायरामा ल्याईएको छ ।

# गर्मीमा रक्तदान गर्दा कुनै असर गर्दैनः चिकित्सक




**मधेशदृष्टि**
**वीरगंज ।**
अहिले विभिन्न जिल्लामा केही समययता रगतको अभाव देखिएको छ । गर्मी बढेसँगै अस्पतालमा बिरामीको संख्या वृद्धि भएकै बेला रगतको अभाव देखिएको हो । हाल अस्पतालमा उपचार गर्न आएका रगत चढाउन अत्यावश्यक बिरामीका लागि रगत अभाव देखिएको छ । भरतपुर अस्पतालका कन्सल्टेन्ट फिजिसियन डा प्रमोद पौडेलले नियमित रक्तदाताको कमी हुँदा रगत अभाव भएको बताए । उनले भने, ‘रक्तदाताले गर्मीको बेलामा रक्तदान गर्दा कतै स्वास्थ्यमा अफ्ठ्यारो पर्ने होकी भन्ने सोचाइले रक्तदान गर्न डराएको भन्ने भान परेको छ । रगत सङ्कलन नहुँदा अभाव भएको हामीले बुझेका छौँ ।’ रक्तदानअति महत्वपूर्ण भएको भन्दै उनले रगत दिन मिल्ने सबै उमेर समूहकालाई रक्तदान गर्न आग्रह गरे । कुनै रोग विशेषका कारणबाहेक अन्य परिस्थितिमा १८ देखि ६५ वर्ष उमेर समूहका व्यक्तिले रक्तदान गर्न मिल्ने डा पौडेल बताउँछन् । उनले भने, ‘जटिल प्रकारका रोगबाहेक महिला पुरुष दुवैले रक्तदान गर्न मिल्छ । महिलामा विशेष परिस्थिति हुन्छ, जस्तै महिनावारी, गर्भवती, सुत्केरी एवम् स्तनपान गराउनेबाहेक अन्यले रक्तदान गर्न मिल्छ । बच्चा जन्मेको नौ महिनापछि रक्तदान गर्न मिल्छ । कुनै दीर्घरोग वा अन्य विशेष परिस्थितिमा रक्तदान गर्न मिल्दैन त्यो फरक पाटो हो ।’ नियमित रक्तदान गर्ने रक्तदाता यो समयमा गर्मीको कारण रक्तदान गर्न मिल्छकी मिल्दैन भन्ने अवस्थामा रहेको भन्दै डा पौडेलले भने, ‘गर्मी या जाडो भयो भनेर रक्तदान गर्न नमिल्ने भन्ने हुँदैन ।’ एक स्वस्थ व्यक्तिले जस्तोसुकै मौसममा पनि रक्तदान गर्न मिल्ने र गर्मीमा रक्तदान गर्दा स्वास्थ्यमा कुनै खराबी नहुने उनको भनाइ छ । उनले गर्मीको समयमा बढी पसिना आउने कमजोरी भएको महसुस गर्ने, रिंगटा वा चक्कर आउने जस्ता समस्या हुने भन्दै प्रशस्त मात्रामा पानी, फलफूल तथा झोलिलो पदार्थ सेवन गर्न आग्रह गरे । उनले कमजोरी हुन्छु की, प्रेसर घट्छ की भन्ने कुरा मनैबाट हटाएर मिल्ने जतिले रक्तदान गर्न अनुरोध गरे ।

# ११ बुँदे मागसहित प्रदेश सरकारलाई ज्ञापनपत्र

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा रहेका राष्ट्रिय स्तरका ट्रेड युनियन तथा अन्य संगठनहरुले विभिन्न ११ बुँदे मागसहित मधेश प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाएका छन् ।

नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती धनुषाका अध्यक्ष मुनेश्वर यादव, नेपाल निजामती कर्मचारी संगठन मधेश प्रदेशका अध्यक्ष जित नारायण भगत्त, नेपाल मधेशी निजामती कर्मचारी मञ्च धनुषाका अध्यक्ष दीपक कुमार ठाकुर, नेपाल निजामती कर्मचारी युनियन धनुषाका अध्यक्ष धर्मराज पौडेल, शहिद परिवार तथा घाइते संर्घषका अध्यक्ष राम नरेश यादव, सेवा करार कर्मचारी धनुषाका संयोजक अर्जुन यादव, अस्पताल विकास समिति प्रदेश कार्यसमिति धनुषाका अध्यक्ष लालबाबु अन्सारीले संयुक्त रुपमा मधेश प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाएका हुन् ।

प्रदेश निजामती सेवा ऐन, २०७७ तथा प्रदेश निजामती सेवा नियमावली, २०७९ अन्तर्गत प्रदेश निजामती कर्मचारीको प्रदेश स्तरीय पोशाक तोकी कार्यान्वयन गर्नुपर्ने, प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ११४ मा प्रदेश निजामती सेवा दिवसको व्यवस्था भएपनि हालसम्म कार्यान्वयन नभएको (प्रत्येक वर्ष माघ २८ गते निजामती सेवा दिवस मनाउने), प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ११३ मा प्रदेश निजामती सेवा पुरस्कारको व्यवस्था भएतापनि नियमित रुपमा कार्यान्वयन नभएको, कुनै पनि रोजगारीको अवसरमा सहिद परिवारका सदस्यलाई आरक्षणको सुनिश्चितता हुनुपर्ने माग अघि सारेका छन् ।

‘ऐनको दफा १२० अनुसार प्रदेश निजामती कर्मचारी अस्पतालको व्यवस्था भए बमोजिम प्रदेश निजामती कर्मचारी तथा निजको परिवारका सदस्यहरुको उपचारको लागि उपदफा (१) अनुसार निजामती कर्मचारी अस्पतालको आवश्यक व्यवस्था गर्न सक्रे व्यवस्था भएतापनि हालसम्म प्रदेश स्तरीय निजामती अस्पताल नभएको हुँदा आ व २०८१/८२ को नीति तथा कार्यक्रममा अनिवार्य व्यवस्था हुनुपर्ने ।

कार्यरत, सेवा निवृत कर्मचारी तथा निजका परिवार सदस्यलाई समेत आ–आफ्नो जिल्लामा रहेका सरकारी अस्पताललाई प्रदेश निजामती कर्मचारी अस्पतालको रुपमा रुपान्तरण गरी सेवा उपलब्ध गराउनुपर्ने’ ज्ञापनपत्रमा भनिएको छ ।

त्यस्तै, संगठनहरुले सेवा करारका कर्मचारीहरुको व्यवस्थापन गरी आवश्यक सेवा सुबिधा उपलब्ध गराउनुपर्ने, प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १२४ मा सेवा वा उपसमुह परिवर्तन सम्बन्धि कानूनी व्यवस्था भएतापनि हालसम्म प्रदेश सरकारवाट कार्यान्वयन नभएको हुँदा अविलम्ब लागू गर्नुपर्ने, प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १२२ मा व्यवस्था भए अनुसार निजामती कर्मचारीका सन्ततीलाई तोकिएको आधार तथा मापदण्ड बमोजिम प्रदेश सरकारले छात्रवृति दिन सक्रे व्यवस्था भएतापनि कार्यान्वयन नभएको र प्रदेश निजामती कर्मचारीलाई स्वास्थ्य विमा, शैक्षिकवृति, आवास भत्ता, संचार खर्च, खाजा खर्च तथा जोखिम भत्ता उपलब्ध गराउनुका साथै घरजग्गा, सवारी साधन खरिद गर्दा सहुलियत व्याजदरको प्रदेश सरकारले आवश्यक व्यवस्था गर्नुपर्ने माग राखेको छ ।

साथै, प्रदेशमा खटिएका कर्मचारीहरुको तलवमान बदलिदो आर्थिक सामाजिक परिवेश बमोजिम मर्यादित्त जीवनयापनका लागि न्यूनतम पैतिस हजार रुपैयाँबाट शुरु गरी प्रदेश प्रमुख सचिवको तलब स्केलको अनुपात १.५ को रेसियोमा हुनुपर्ने तथा मर्यादाक्रम अनुसार समावेश हुनुपर्ने र प्रदेश सेवामा खटिने कर्मचारीहरुलाई वार्षिक रुपमा विदाको सुविधा नलिई कामकाज गरेको खण्डमा प्रत्येक वर्ष संचित घर विदा वापतको रकम भुक्तानी हुनुपर्ने ज्ञापनपत्रमा भनिएको छ ।

# ठोरीको समृद्धिका लागि शिक्षा, कृषि र पर्यटनमा जोड



**मधेशदृष्टि**
**वीरगंज ।**
ठोरी गाउँपालिकाको समृद्धिका लागि आगामी नीति तथा कार्यक्रममा शिक्षा, कृषि र पर्यटन प्रवद्र्धनका निमित्त विशेष कार्यक्रम ल्याउनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् । ठोरी गाउँपालिकाद्वारा बिहीबार आयोजित आर्थिक वर्ष २०८१÷८२ को नीति तथा कार्यक्रमको लागि सर्वपक्षीय अन्तरक्रिया कार्यक्रममा सहभागीहरुले भौतिक विकास सँगसँगै सामाजिक परिवर्तन र विकासका लागि पनि गाउँपालिकाले विशेष कार्यक्रम ल्याउनुपर्ने सुझाव दिएका छन् । कार्यक्रममा सहभागीहरुले स्थानीय सरकार सफल बन्न दलीय विभेद नगरिकन सबैलाई समान व्यवहार गर्नुपर्ने बताएका छन् । यस्तै ठोरीको सामुदायिक विद्यालयको शिक्षाको स्तर उकास्न मौजुदा गाउँपालिकाको शिक्षा ऐन संशोधन, अनुगमनमा कडाई, विद्यालयमा पालिकाको उपस्थिति हुनुपर्ने, स्थानीय पाठ्यक्रम निर्माण गर्दा मातृभाषामा निर्माण गर्नुपर्ने लगायतको सुझाव कार्यक्रममा प्रस्तुत गरिएको थियो । ठोरीमा वृद्धि हुँदै गरेको होटेल व्यवसायमा बढ्दै गएको विकृति विसंगति नियन्त्रणमा कडाई गर्ने गरी नीति तथा कार्यक्रम आउनुपर्नेमा सहभागीहरुको जोड दिएका थिए । कृषिमा विशेष प्राथमिकता, निष्क्रिय अवस्थामा रहेका कृषि सहकारी खारेजी, नमुना टोल विकास हुने किसिमका भौतिक विकास, गुणस्तरीय स्वास्थ्य, खानेपानीको उचित प्रबन्ध, ठुटेखोलाको पानीको सिचाईको स्तरोन्नति लगायतको व्यवस्था नीति तथा कार्यक्रममा उल्लेख गर्नुपर्ने सहभागीहरुले सुझाएका थिए । यस्तै विपद व्यवस्थापनमा स्थानीय सरकारको सक्रियता, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको लागि सहज बैङ्किङ सेवाको व्यवस्था नीति तथा कार्यक्रमले समेट्नुपर्ने सहभागीहरुले विचार व्यक्त गरेका थिए । ठोरी गाउँपालिकाकी उपाध्यक्ष गोकुली कुमारी रेग्मीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समितिका पुर्व उपप्रमुख ठाकुर प्रसाद न्यौपाने, नेपाली कांग्रेस ठोरीका सभापति सन्तोष श्रेष्ठ, एमाले ठोरीका सचिव जोगेन्द्र पौडेल, माओवादी केन्द्र ठोरीका उपाध्यक्ष भक्त बहादुर सुनार, नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधिहरु राम बहादुर श्रेष्ठ, प्रकाश खनाल, समाजसेवी लेखमान थापा, शिक्षक महासंघ ठोरीका अध्यक्ष अमृत कुमार श्रेष्ठ, शिक्षक संगठनका केन्द्रीय सदस्य केशव शर्मा लगायतको उपस्थिति थियो । सहभागीको सुझाव पश्चात् कार्यक्रमलाई सम्बोधन गर्दै उपाध्यक्ष रेग्मीले आगामी दिनमा आफ्नो नेतृत्वमा अन्तरपार्टी सञ्जाल गठन गर्ने घोषणा गरिन् । सबैको चाहना समृद्ध ठोरी नै भएको बताउँदै उपाध्यक्ष रेग्मीले पालिकाको नेतृत्व गर्दा कतै न कतै त्रुटि भएको स्वीकार गरिन् । उपाध्यक्ष रेग्मीले आगामी दिनमा त्रुटि सच्याएर अघि बढ्ने र कार्यक्रमबाट प्राप्त सुझावलाई नीति तथा कार्यक्रममा समेट्ने प्रतिबद्धता व्यक्त गरिन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन